साप्ताहिक

# गोरखा एक्सप्रेस

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरुको साझा पत्रिका

वर्ष ४३ अंक २१ २०८१ पुस ९ गते मंगलबार (Dec. 24, 2024) मूल्य रू. १०/-

## सभापतिमा लड्छु



सभापति देउवाको गृहजिल्लामा ३ दिन कार्यकर्ता भेट गरेपछि शेखर कोइरालाले भनेका छन्- फेरि पार्टी सभापतिमा चुनाव लड्छु । जवाफमा देउवा निकटका नेता प्रकाशशरण महतले विधान संशोधन भयो भने देउवा नै सभापति हुने बताएका छन् ।

१४औं महाधिवेशनमा आफ्नो पक्षमा लागेको टिम साबुत रहेको भन्दै गगन थापा पनि आफूसँगै रहेको दावी गरेका छन् ।

सभापति देउवासँग पनि टाढाको सम्बन्ध नरहेको भनेका कोइरालाले सभापति देउवा सुदूरपश्चिमको मात्र नभइ देशकै आदरणीय नेता रहेको बताएका छन् । कोइरालाले यो सरकार सफल हुनैपर्नेमा जोड दिएका छन् ।

## को निरङ्कूश ?



काठमाडौं । राजसंस्थामाथि जेजस्तो आरोप लगाइयो अनि अवैध तरिकाले हटाइयो, ती आरोप पुष्टि गर्ने दायित्व ठूला दलहरूको थियो । हिन्दुराष्ट्रलाई किन धर्मनिरपेक्ष घोषणा गरियो, यसको जवाफ पनि यिनैले दिनुपर्ने हो । अब त अग्रगमनकारी संविधान फेल भएको छ । संशोधनको बहस चलेको छ ।

संविधानको टालटुले चालाले दलहरूको राजनीतिक अपराधिकरणले पारेको भ्वाङ् सहज रूपमा टालिने सम्भाबना देखिन्न । व्यवस्था परिवर्तनको जनमाग बढेको छ ।

संघीयता कुन जनताले मागेका थिए ? कति जनबल र कुन जनादेशले संघीयता लागू गरियो ? संघीयता देश र जनताका लागि सेताहात्तीसरह भयो, दुई आवधिक चुनाव भइसक्दा पनि संसद, संघीयता, सुशासनमा कुनै उपलब्धि हासिल हुनसकेन । संविधान असफल भयो, पद्धति फेल भइसक्यो । दलहरू भ्रम छर्दैछन्, अझै फुलबुट्टा भरेर समृद्ध नेपाल, सुखी नेपालीको सुगारटान गर्नुले असत्य सत्य सावित हुन्छ र ? जनतामा यो पद्धति, यी नेताप्रति विश्वास समाप्त भइसकेको अवस्था छ ।

हिजोको संविधान, राजतन्त्र, हिन्दुराष्ट्र समृद्धिको बाधक थियो भने यो गणतन्त्र, संघीयता र धर्मनिरपेक्षताले के दियो ? योपद्धि जनजीवनमा किन घुलमिल हुनसकेन ? जनयुद्ध, जनआन्दोलन यस्तै भ्रष्टाचार, नैतिकहीनता र सिद्धान्तहीनताका लागि भएको थियो ? सवाल अनेक छन्, जवाफ नेतृत्वले दिन सकेको छैन । अग्रगमनकारी भनिएको लोकतन्त्र निरंकूश कि किनारा लगाएको राजसंस्था निरङ्कूश ?

पूर्वराजा जता जान्छन्, उतै जनताले जयजयकार गर्छन् ? यी नेता र यो व्यवस्थाको जयकार कतै हुँदैन । विश्लेषक भन्छन्- यो समयले उठाएको प्रश्न हो ।

# गोलमेच सम्मेलन जरूरी भयो

## सिस्टम क्र्यास भएपछि

## गोलमेच सम्मेलन : उत्तम उपाय



The Round Table Conference

काठमाडौं । पञ्चायत क्र्यास भयो, बहुदल आयो । बहुदल क्र्यास भयो, लोकतन्त्र ल्याइयो । लोकतन्त्र पनि क्र्यास भएपछि अब कुन व्यवस्था ल्याउने ?

विश्वमै उत्तम व्यवस्था प्रजातान्त्रिक नै हो । प्रजातन्त्रले पनि काम गरेन भने अर्को कुनै व्यवस्था छैन । विश्वमा चलेको राजतन्त्र, प्रजातन्त्र, सैनिक शासन नै हुन् । सबैभन्दा उत्तम जनताप्रति जिम्मेवार भनेको प्रजातन्त्र नै हो । जब प्रजातन्त्र नै संकटमा पर्छ, क्र्यास हुन्छ, अब कसरी अघि बढ्ने भनेर सर्वदलीय गोलमेच सम्मेलन उत्तम उपाय हुनसक्छ ।

०६३ सालमा संसद पुनर्स्थापना गरियो, ०६५ सालमा संविधानसभाले गणतन्त्र कार्यान्वयन गर्‍यो, संविधानसभा नै असफल भयो । संविधानसभाको अर्को निर्वाचन गरियो र ८ वर्षपछि बल्ल संविधान जारी गरियो । त्यो पनि फास्ट ट्र्याकबाट । भारतले केही दिन रोक्न अनुरोध गर्दासमेत नेताहरूले मानेनन् र जारी गर्दा भारतले नोटिसमा मात्र राख्यो । यसबाट उत्पन्न साइड इफेक्टबाट नेपाल र नेपालीले ठूलै मूल्य चुकाउनु पर्‍यो । आजसम्म भारतले यो संविधानलाई स्वागत गरेको छैन । यसैको कारण नेपाल-भारतवीच भएका १९५० को सन्धि, महाकाली, कोशी, गण्डकीलगायतका सन्धि पुनरावलोकन गर्नुपर्ने सुझाव दिइएको थाहा पाएर भारतीय प्रम नरेन्द्र मोदीले आफैले गठन गर्न सहमति दिएको प्रवुद्ध समूहको रिपोर्टसमेत बुझेनन् । रद्दीको टोकरीमा पुग्यो । नेपालले भारतको आलोचना गर्दै सिंहमेय जयते भनेको, चुच्चे नक्सा नोटमा छापेको, पहिले चीन भ्रमण गरेर चीनको लहैलहैमा लागेको भन्ने रूष्ठता प्रकट गरिरहेको छ । विश्वशक्ति र दुई छिमेकको प्रतिस्पर्धात्मक भूराजनीतिको चपेटामा परिसकेको नेपाल समदूरीको परराष्ट्रनीति सञ्चालनमा समेत असफल हुनपुगेको छ ।

भारत नेपालमा सधैं अस्थिरता चाहन्छ, त्यसैले यहाँका उद्यमलाई साँघुर्‍याएको छ भने आफ्नो हाटबजार बनाइरहेको छ । यहीकारण बजेटभन्दा बढी व्यापार घाटा छ । बजेटको दोब्बरजस्तो ऋणभारमा परेको छ । यो आर्थिक, राजनीतिक, कूटनीतिक, सांस्कृति, सामाजिक संकटले पनि नेपालको अवस्था दयनीय बन्दै गएको छ ।

संविधान संशोधनको बहस छेडिनु भनेको संविधान असफल भएको छ । लोकले अपनत्व ग्रहण गरेकै छैनन् यो संविधानलाई । संविधान असफल भएपछि संसद र संवैधानिक निकायहरू असफल हुनु स्वभाविक हो ।

अब के गर्ने ? कसरी देशलाई अघि बढाउने ? यो प्रश्नमा इतिहासलाई केलाउनु र निकास खोज्नुपर्छ ।

बुद्धिजीवीहरू भन्छन्- देशलाई द्वन्द्वबाट बचाउने र थप अराजकता रोक्ने हो भने गोलमेच सम्मेलन गर्नु उचित हुनेछ । सबै राष्ट्रिय समस्याको जड पञ्चायत, बहुदल, राजतन्त्र होइन रहेछ भन्ने निष्कर्षमा पुगेका द्वन्द्वविदहरूको सुझाव पनि यस्तै छ । मोहन बैद्यले त जनताको साथ र सहयोग छ भने राजतन्त्र पनि राजनीतिक शक्ति नै हो । निषेध र विभेदको तुस राखेर अब देश अघि बढ्न सक्दैन । अर्का बिद्रोही विप्लवले समेत मूलधारमा आउन खुट्टा उचालिसकेका छन् । अर्थात्, ठूला दल कांग्रेस, एमाले, माओवादीलगायतका अन्य साना दलहरू र परम्परागत शक्तिलाई समेत एकै ठाउँमा भेला गराएर सहमतिको राजनीति थाल्नुपर्छ । त्यही नै शान्ति, समृद्धिको प्रस्थान बिन्दु हुनसक्छ ।

त्यसो त पूर्वराजाले मेचीदेखि महाकालीसम्म, भक्तपुरदेखि ललितपुरसम्म, लुम्बिनीदेखि जुम्ला, बाँके पुगेर सहमतिको राजनीति गर्न आह्वान गरिरहेका छन् । राजधानीमा अभिनन्दन गर्न राजधानीवासी उत्साही छन् । हुनसक्छ, यो आसन्न अभिनन्दनमा पनि पूर्वराजाले देशको अस्तित्व बचाउन, असफल हुनबाट बच्न सहमतिको आह्वान गर्नेछन् ।

गोलमेच सम्मेलनको इतिहास हेर्दा- १९३०-३२ मा बृटिशले भारतमा गोलमेच सम्मेलन गरेको थियो । जब जब राजनीतिक मुद्दाहरू बढ्छन्, समाधानका उपाय खोज्न गोलमेच सम्मेलन गर्ने गरिन्छ । २०४६ र २०६३ को व्यवस्था, २ संविधानसभाले बनाएको संविधान र पद्धति परिवर्तनबाट देशले निकास पाउन सकेन । लोकतन्त्रसमेत असफल हुनपुग्यो । देशलाई अराजकता, अस्थिरताबाट बचाउन गोलमेच सम्मेलन जरूरी देखिन्छ ।

संविधानमा संविधान मान्ने पार्टीहरूसमेत अटाउन सकेनन् । नागरिकमा, विदेशी मित्रहरमा समेत असन्तुष्टि बढेको छ । यो अन्धकार अवस्थाबाट निस्कन र जनविद्रोहलाई रोक्ने हो भने सर्वपक्षीय गोलमेच सम्मेलन गर्नु उत्तम बिकल्प हुनसक्छ ।

## चिनियाँ भाषाप्रति बढ्दो आकर्षण




पर्यटन लक्षित छैठौं चरणको ६ महिने चिनियाँ भाषा प्रशिक्षण सम्पन्न सम्पन्न भएको छ । चिनियाँ राजदूताबास, नेपाल पर्यटन बोर्ड र नेपाल चीन साँस्कृतिक तथा शैक्षिक परिषदको आयोजनामो गत सोमबार सम्पन्न भएको हो ।

पर्यटन सहसचिव रामकृष्ण लामिछानेले चिनियाँ भाषाको प्रशिक्षणले चीनमा नेपालको पर्यटन प्रबर्द्धन गर्न सहयोग पुग्ने बताउँदै नेपाल चीनबीचको सम्बन्ध धेरै पुरानो र गाडा रहेको बताएका छन् । भाषा शिक्षाका लागि चिनियाँ दूतावासलाई धन्यवाद दिइएको छ । चिनियाँ राजदूतावासका काउन्सीलर वाङ सिनले चीनका सामाजिक सञ्जालहरूमा नेपाललाई ‘सबैभन्दा नजिकको पवित्र देश’ र ‘पदयात्राको स्वर्ग’को रूपमा वर्णन गर्दै नेपालको पर्यटन प्रवर्द्धनमा सघाउँनेमा आश्वस्त पारेका छन् । काउन्सीलर वाङले ‘लिटिल रेड बुक’ मिडिया, चीनमा नेपाली विद्यार्थीले चिनियाँ भाषामा विज्ञापन गरिरहेकोमा खुशी व्यक्त गर्दै यस्ता गतिविधिहरूले चिनियाँ पर्यटकहरूलाई नेपालप्रति आकर्षिक गर्न मद्दत पुगेको जानकारी दिएका छन् ।

बोर्डका वरिष्ठ निर्देशक हिकमत सिंह ऐरले चिनियाँ भाषाको कक्षा चितवन, भैरहवा र पोखरामा पनि विस्तार गर्ने योजना सुनाएका थिए । अध्यक्ष डा. हरिशचन्द्र शाहले पूर्व सहमतिअनुसार भाषा शिक्षा अघि बढेको जानकारी दिए । सो अवसरमा प्रशिक्षितहरूले चिनियाँ गीत, नृत्य, कम्फु प्रदर्शन गरेका थिए ।

## दिसानायके उत्तरदिशातिर



भ्रष्टाचारविरूद्ध लड्ने प्रतिबद्धताका साथ गत सेप्टेम्बरमा सत्तामा आएका वामपन्थी नेता दिसानायके श्रीलङ्काका राष्ट्रपति जनवरीमा चीन भ्रमणमा जाने भएका छन् । चिनियाँ समर्थनमा राष्ट्रपति बन्न सफल दिसानायकेलाई चीनले के कस्तो आर्थिक सहयोग गर्नेछ, सबैतिर उत्सुकता छ । खासगरी श्रीलंकाको खाद्यान्न, इन्धन र औषधिजस्ता अत्यावश्यक बस्तुमा चीनको व्यापकता छ । ऋणको भार पनि चीनकै बढी छ । अन्तर्राष्ट्रिय मुद्रा कोषको उद्धार प्याकेज प्राप्त गरेपछि र वित्तीय अवस्थालाई सुधार गर्न मितव्ययिता अपनाएपछि सुस्तरी आर्थिक अवस्थामा सुधार आउन लागेको श्रीलंकाले चीनको मजबुत समर्थन खोज्नेछ ।

जनतासँग गरेको प्रतिवद्धता पूरा गर्न आन्तरिक र बाह्य सम्बन्ध कसिलो बनाउने अभियान थालेका छन् । “म अर्को महिनाको मध्यतिर चीन जाँदैछु” उनले भनेका छन् । उनले डिसेम्बर १६ मा भारतीय राष्ट्रपति द्रोपदी मुर्मू र प्रधानमन्त्री नरेन्द्र मोदीले स्वागत गरेका थिए । क्षेत्रीय पावरहाउस भारत श्रीलंका विश्वकै व्यस्त समुद्री मार्गका लागि चिन्तित रहेको देखिन्छ ।

## स्वास्थ्यमन्त्रीको अपरेशन





स्वास्थ्य मन्त्रीले सामाजिक सञ्जालमा लेखेको नाममा निर्देशन नमार्नेको भन्दै सिंहदरवार वैद्यखानाका निर्देशक प्रदीप केसीलाई प्रष्टिकरण सोधेका छन् ।

मन्त्रीको निर्देशन किन नमानेको, यसको कारण के हो भनेर आन्तरिक रूपमा छलफलमा बोलाउनुको साटो जागीर खाइदिएँ भनेर मौखिक धम्क्याउने र निर्देशक जस्तो जिम्मेवारीपूर्ण पदमा आसिन कर्मचारीले सार्वजनिक सरोकारका विषयहरू सामाजिक सञ्जाल (फेसबुक)मा के कति कारणले लेखिएको हो ? भनेर प्रष्टिकरण सोध्नुले स्वास्थ्यमन्त्रीको काम गर्ने शैली बाहुबली तरिकाको भएन र । स्मरणीय छ, मन्त्रीले कर्मचारीहरूलाई उत्पादन बढाउन र संस्था सुधार गर्न निर्देशन दिएका थिए । उत्पादन नबढाए सरकारले तलब र उपदान दिन नसक्ने बताएका थिए ।

## पहिले संविधान स्वार्थमा हालेर अब टालेर !




धर्मनिरपेक्षताका पक्षधर रामचन्द्र पौडेलले माओवादीको लाउनेकाठ लगाएर भागबण्डामा राष्ट्रपति पड्काए । २०६५ सालमा गिरिजाप्रसादको प्रतिनिधिका रूपमा चुनावका हरूवा कृष्णप्रसाद सिटौलाले असंवैधानिक रूपमा संविधानसभामा गणतन्त्र कार्यान्वयनको प्रस्ताव टेबुल गरेका थिए । भारतले समेत नोटिसमामात्र राखेको संविधान अन्तत असफल भयो । धर्म फाल्ने कांग्रेसी राष्ट्रपति बनाइयो, राजतन्त्र फाल्ने जनताले नपत्याएका सिटौलालाई राष्ट्रिय सभामा मनोनित गरिएको छ । शासन सत्तामा यस्तै तत्वहरू हावी भएकाले यो व्यवस्थाले देश र जनताको अवस्थालाई झन झन धरासायी बनाएका छन् ।

## आम्दानीभन्दा बढी विदेशीयो राजस्व

चार महिनाको अवधिमा विदेश भ्रमण, बाहिरिने र व्यवसायिक भ्रमणमा ६८ अर्ब ३१ करोड बाहिरिएको छ । निर्यात गरेर प्राप्त गर्ने आम्दानीभन्दा भ्रमणका लागि बाहिरिने रकम धेरै भएको पाइएको छ । राष्ट्र बैङ्कको पछिल्लो तथ्याङ्क अनुसार चालु आर्थिक वर्षको साउन-कात्तिकमा नेपालले वस्तु निर्यात गरेर ५२ अर्ब ६७ करोड आम्दानी गरेको छ भने यही अवधिमा भ्रमण प्रयोजनका लागि ६८ अर्ब ३१ करोड रूपियाँ बाहिरिएको छ ।

मुलुकमा उत्पादित वस्तु विदेशमा बेचेर गरेर प्राप्त हुने रकमभन्दा विभिन्न किसिमका भ्रमण प्रयोजनका लागि नेपालबाट बाहिरिने मुद्रा १५ अर्ब ६४ करोड रूपियाँले बढी भएको तथ्याङ्कले देखाउँछ । यसबिचमा नेपाल भित्रिनेबाट नेपालले २६ अर्ब ८४ करोड आम्दानी गरेको छ । यस हिसाबले नेपाल भ्रमणमा आउनेभन्दा नेपालबाट व्यक्तिगत भ्रमणका लागि बाहिरिनेले ४१ अर्ब ४६ करोड बढी खर्च भएको देखिउँछ । यो तथ्यले नेपाल कता जाँदैछ ?



*प्रेम सागर पौडेल*

व्यक्तिगत भ्रमण अन्तर्गत सबैभन्दा बढी उच्च शिक्षा अध्ययनका लागि नेपालबाट बाहिरिने गरेको खर्च धेरै छ । चार महिनाको छोटो अवधिमै उच्च शिक्षाका लागि जानेले ३७ अर्ब ७२ करोड खर्च गरेका छन् । जबकि सोही अवधिमा शिक्षासँग सम्बन्धित भ्रमणका लागि नेपाल आउनेले एक अर्ब ७९ करोड खर्च गरेको देखिन्छ । उच्च शिक्षाका लागि बाहिरिने रकम गत आवको तुलनामा बढेको छ । राष्ट्र बैङ्का अनुसार गत आवको तुलनामा एक अर्बभन्दा बढी यस शीर्षकमा थप खर्च भएको छ । स्वास्थ्य उपचारका लागि सोही अवधिमा २२ करोड २५ लाख रूपियाँ खर्च भएको छ । सोही उद्देश्यका लागि नेपाल आउनेबाट पाँच करोड ५० लाख रूपियाँ आम्दानी भएको देखिन्छ । अन्य किसिमका भ्रमणबाट नेपालबाट २९ अर्ब रूपियाँ बाहिरिएको छ । सोही शीर्षकमा २४ अर्ब ८७ करोड मात्र भित्रिएको छ ।

कर्मचारी, मन्त्रीहरूको र व्यावसायिक भ्रमणका लागि बाहिरिने रकम अत्यधिक बढेको छ । व्यावसायिक प्रयोजनका लागि ३९ करोड रूपियाँभन्दा बढी रकम थप खर्च भएको छ । अर्थतन्त्रमा मन्दीका अनेक कारणहरूबारे अर्थविदहरू सचेत छैनन्, देश ओह्रालो लागेको देखिन्छ ।



# पासाङलाई उता भत्ता, यता सत्ता

नेकपा माओवादीका अध्यक्ष प्रचण्डले उपराष्ट्रपति भयसकेकालार्य पार्टीमा जिम्मेवारी दिएर उता भत्ता यता सत्ताको अवसर दिएका छन् । माओवादी केन्द्रले नेत्रविक्रम चन्द विप्लवको पार्टी नेकपासँग पनि पार्टी एकता गर्ने भनेको धेरै समय भयो, हुनसकेको छैन । मिसन ०८४ लाई सफल पार्न प्रचण्ड कम्मर कसेर अनेक उपाय गरिरहेको देखिन्छ तर, नेकपा स टाढा पुगेको छ ।

पूर्वमाओवादी गंगानारायण श्रेष्ठको टिमसँग पनि एकता हुनसकेको छैन । पूर्वमाओवादीहरू भित्रिसकेका छैनन् । यता पार्टीमा सक्रिय हुन खोजेका पासाङलाई पार्टीमा सक्रिय गराउन थालेको माओवादीभित्र तरङग ल्याएको छ ।

विप्वलका अनुसार प्रचण्डले 'क्रान्तिलाई धोका दिएको' आरोप लगाउँदै मोहन वैद्यको नेतृत्वमा पार्टी विभाजन गर्न मुख्य भूमिका खेलेका नेता हुन् । वैद्यले पनि क्रान्ति नगर्ने छाँट देखेपछि पार्टी गठन गरेर क्रान्ति गर्न हिँडेका विप्लव हार खाएर अब सहमति गरेका विषयमा सरकार इमानदार भए ०८४ मा चुनावमा प्रतिस्पर्धा गर्न तैयार रहेको भनेर संविधानवादी कित्तामा छलाङ हान्न आइपुगेका छन् ।

# दुर्लभ जडिबुटी नेपालमा पाइन्छ

विश्वमै नपाइने जडिबुटी नेपालमा पाइन्छन् । तरअधिकांश जडिबुटीको प्यारेण्ट राइट्स भारतले लिएको छ । नेपाल सरकारका पदाधिकारीको काम घूस खाएर जडिबुटी निकासी गर्नुमात्र हो । जडीबुटीको विकास कसरी गर्ने भन्ने कुनै योजना नै छैन । जंगल फडानी गरेर सुकुम्वासीका नाममा हुकुमवासी बसाल्ने र तिनलाई भोट बैंकका रूपमा उपयोग गर्ने राजनीतिक अपराधिकरणले गर्दा नेपालबाट बहुमूल्य जडिबुटीको विनास भइरहेको छ । अझै पनि यसबारे छलफल हुन सकेको छैन ।

- अँडिर - अंगेरी - अकर - अकलकरा - अजम्बरी - अपराजिता - अभिजालो - अमला - अर्कपुष्पी - अर्थुङ्गे - अर्फुकाँडा - अश्वगन्धा - असुरो - आकाशबेली - कत्था - कनासे - कनिकेफूल - कन्टकारी - कपासे - कचुर - कबाई - काँसी अमला - काउसो - कागते घाँस - काणपाते - काने घाँस - काने झार - काने सिउँडी - कानेउन्यु - कुकुरडाइनो - कुट्की - कुरिलो - कुश - कुसुम - केशर - खयर - गन्धेझार - गाँजा - गायो - गुज्जरगानो - गुर्जो - घिउ कुमारी - घोडताप्रे - चरीअमिलो - चिराइतो - चुत्रो - चौलाने झार - छतिवन - जटामसी - ज्वानो - टटेलो - टिमुर - टुकी फूल - ठूलो ताप्रे - डालेचुक - तितेपाती - तुलसी - तेजपात - थाकल - दतिवन - दहिदंगालो - दालचिनी - दुधे झार - देउराली फूल - धतुरो - धोबिने - नागबेली - नीम - नीले - नुनढिकी झार - नुनढिके - पदमचाल - पाँचऔंले - पानीअमला - पाषाणभेद - पिपला - पुदिना - बकाइनो - बबुल - बर्रो - बल्ड्याङ्ग्रा - बाबरी - बिजयसाल - बिरी - बिष्मा - बेतलौरी - बेल - बेसार - बोकेझार - बोझो - भलायो - भकिमिलो - भाँटेझार - भाङ - भुईंफूल - भृङ्गीराज - भोर्ला - मजिटो - मधुपत्र - मसिनो जाई फूल - यार्सा गुम्बा - रक्तचन्दन - राजवृक्ष - रामतुलसी - रूद्राक्ष - लज्जावती - लसुन - लालगेडी - लाली गुराँस - लौठसल्लो - ल्वाङ - ल्वाङकसानी - वन लसुन - विष - श्रीखण्ड - सतुवा - सत्यानासी झार - सर्पगन्धा - सानी सूर्यमुखी - सानो ताप्रे - सिप्लिगान - सिलटिमुर - सुँगुरे काँडा - सुगन्धकोकिला - सुगन्धवाल - सुपारी - सेतो दूबो - हर्रो - हातजरी - हतपसारो - हिमाली गुलाफ र अन्य थुप्रै बहुमूल्य जडबुटीहरू ।

# सहमतिमा संविधान संशोधनको प्रश्न

अधिवक्ता एवं पूर्वअख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख सूर्यनाथ उपाध्याय जो २०४७ को संविधान मस्यौदा समितिमा सदस्यसचिव थिए, उनले २०७२ को संविधान संशोधन सहमतिमा गर्नुपर्छ भन्ने विचार अघि सारेका छन् ।

संविधान जम्मा १० वर्षको भयो तर संविधान संशोधनको बहस भइरहेको छ । संविधानका कमजोरी अनेकन छन्, संविधान असफल भइसक्यो भन्ने पनि छन् । विश्वमै दुईपल्ट संविधानसभाको निर्वाचन गरेर बनाएको संविधान ओल्लो तीर न पल्लो किनारको हुनपुगेको छ । नेपालका लागि महगो सावित भएको छ ।

६०१ सभासदलाई तलव भत्ता खुवाउने देखि दुईपल्ट निर्वाचन गर्नेसम्मको खर्च गरेका छौं, यो संविधान नेपालका लागि महगो साबित भयो, उनले भनेका छन् । उपाध्याका अनुसार महँगो ढंगको शासकीय स्वरूप बनायौं । तीन तहको सरकार बनाएका छौं । दुई तहमा मन्त्री लगायत अन्य भौतिक खर्चको कुरा छन् । यसले आर्थिक रूपमा पनि दायित्व थप गरेको छ । संविधान त जारी भयो, भारतले समेत नोटिसमा मात्र राख्यो । यसकारण पनि संविधान संशोधन गर्नैपर्ने भयो ।

# स्वराज्य र संविधानको प्रसङ्ग




संविधानमा मेलमिलापको प्रावधान उल्लेख भए तापनि संवादको व्यवस्थाले स्थान नपाएको प्रसंग धैर प्रतिनिधिबाट व्यक्त गरिएको संवाद सम्मलेन उल्लेखनीय आयोजना थियो । नेपाल डायलग सम्मिटको आयोजना संक्रमणकालीन न्यायका लागि गठन हुनगइरहेको आयोगको लागि पदाधिकारी छनौटको अवसरमा हुदा पदाधिकारीमा संवाद गर्दै समाधानमा पुग्न संवाद सक्षमताको पनि योग्यता हुनुपर्नेतर्फ ध्यानाकर्षण गराउन सक्नेछ । द्वन्द्व व्यवस्थापन तथा शान्तिका लागि संवाद एक महत्वपूर्ण तरिका रहेकाले विगतको द्वन्द्वको शान्तिपूर्ण समाधान तथा भावी द्वन्द्वलाई समेत रोक्नसक्ने विधिका रूपमा स्वीकार्नुपर्दछ ।

संक्रमणकालीन न्याय र संवाद : आन्तरिक द्वन्द्वको अवस्थाबाट सम्झौतापश्चात दिगो समाधानमा पुग्न सत्यनिरूपण तथा मेलमिलाप आयोगमार्फत सत्य तथ्यको अनुसन्धन र मेलमिलाप गरिइने प्रावधान विश्वभर रहेको छ । नेकपा माओवादीबाट विसं २०५२ देखि २०६२ सम्म सञ्चालन गरेको द्वन्द्व विस्तृत शान्ति सम्झौतापश्चात टुगिंएको थियो । यस पक्तिंकारले विसं २०६१ मा गरेको अनुसन्धान 'द्वन्द्वरूपान्तरण र शान्ति स्थापनामा धर्म तथा मध्यात्मिक क्षेत्रको भूमिका'मा सर्वप्रथम यसको उल्लेख गरेको थिए । सरकार र विद्रोही माओवादी पक्षका बीचमा संवाद गराउने प्रयासस्वरूप 'अर्न्तधार्मिक परिषद नेपाल' गठन गरी हिन्दु, इस्लाम, बौद्ध, क्रिश्चियन, बहाई, किरात, शिख धर्मावलम्बीलाई एकीकृत गरी संवादलाई अगाडि बढाइएको थियो ।

आफ्नो मौलिक ज्ञान, इतिहास, धर्म-संस्कृतिको विश्लेषण र उपयोगीता विश्वमा प्रष्टाउन खोज्नु स्वराज्यको भावना हो । हाम्रा मौलिक ज्ञान तथा संस्कृति-सम्पदालाई सौम्यशक्तिका रूपमा उपयोग गर्न सक्दा मुलुकको गौरब बढ्नुका साथै पर्यटनको वृद्धि हुन गई आर्थिक समृद्धिमा सहयोग पुग्नेछ । विज्ञान र धर्मका बीचमा तुलनात्मक ज्ञान तथा द्वन्द्व व्यवस्थापन, सामाजिक रूपान्तरणका लागि विश्वलाई आकर्षित गर्दै श्रेष्ठता हासिल गर्न सक्छौं ।

अन्तर्राष्ट्रिय प्रभाव र भूराजनीतिलाई समेत मध्यनजर गर्दै संयुक्तराज्य अमेरिकीको राजदूतावास, नर्वेको राजदूत, अनमिन प्रमुख इमान मार्टिन तथा अन्य संस्थासँग पनि छलफल गरेको थियो । विस्तृत शान्ति सम्झौतापश्चात माओवादीका प्रवक्ता तथा शान्तिवार्ता टोलिका संयोजक कृष्णबहादुर महरासँग सबै धार्मिक जनसमुदायको अगाडि संवाद गरिएको थियो । विकासका लागि आफ्नो अनुसन्धानमा दिइएको सुझाब 'स्वारज्य र मेलमिलाप'लाई स्मरण गराउँदै संवादको सूत्रको रूपमा अगाडि बढाउँदै पुस्तकसमेत प्रकाशित गरिएको थियो । तत्कालीन द्वन्द्वरत माओवादी, अन्तर्राष्ट्रिय समुदाय र द्वन्द्वपीडितसँगको संवादलाई मेलमिलापका लागि प्रेरित गर्न 'स्वराज्य र मेलमिलाप'को अवधारणाले सूत्रको रूपमा काम गर्न सकेको अनुभूति हुन पुग्यो ।

तत्कालीन विद्रोही माओवादीलाई भारतमा आश्रय दिइनु तथा अमेरिकालगायत पश्चिमी मुलुकले पद्मरत्नतुलाधार, दमननाथ ढुंगानामार्फत सम्पर्क बनाइरहनुले संवाद र समाधानमा अन्तर्धार्मिक हाम्रो समूहलाई पनि मौलिक मार्ग खोज्न प्रेरित गरिरहयो । राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा विश्वासको वातावरण बनाउन अन्तर्धार्मिक प्रयास सहयोगी रह्यो । युद्ध बिरामका लागि 'तिथि पर्वमा हिंसा नगरौं' भन्ने नारा र कार्यक्रमले चाडवाडको अवसर पारेर माओवदीबाट एकतर्फी युद्ध बिराम गराउँदा सन्तोष प्राप्त गऱ्यो । अन्तर्धार्मिक पहललाई विस्तृत शान्ति सम्झौतापश्चात अन्तर्राष्ट्रिय समुदाय र राजनीतिकदलले उपेक्षा गरेका कारण दुई पटकसम्म सत्यनिरूपाण तथा मेलमिलाप र बेपत्ता छानविन आयोग विघटन हुनपुग्यो । तेस्रोपल्ट त आयोग नै बन्नसकेन ।

आ-आफ्नो मुलुकको धर्म संस्कृतिका प्रभावले दक्षिण अफ्रिकालगायत आयोग सफल भएको तथ्य राजनीतिक दल र अन्तर्राष्ट्रिय समुदायले अनुभूति गर्न नसक्दा पीडितले न्याय पाएनन् भने मुलुकले विकास पाउन सकेको छैन । स्वराज्य र मौलिकतालाई बिर्सन्न पुगेकाले अन्तर्राष्ट्रिय कानुन र दातृ निकायको भरोसामा दलहरू पर्न गई संक्रमणकालीन न्यायलाई टुंग्याउन सकेनन् । कसैले आयोगलाई कानुनी अनुसन्धान र अदालती दण्ड विधानका रूपमा बुझे भने कसैले सबै माफी दिने प्रक्रियाका रूपमा बुझेको पाइयो । द्वन्द्वकालीन घटनाको सत्यतथ्य उजागर गर्दै गम्भीर मानव अधिकार उल्लंघनका घटनाबाहेक सक्दो सहज ढंगले न्याय निरूपण गर्दै परिपुरणमार्फत निकासमा पुग्ने व्यवस्था भएको कुरा बुझ्न बुझाउन सकिरहेको देखिँदैनन् ।

विश्वासिलो व्यक्तित्व र पारम्पारिक आर्दशलाई आत्मसात् गरेकाहरूको उपस्थितिमा मेलमिलाप सहज हुने कुरा अझै बुझ्न सकेको पाइएन । विगतको द्वन्द्वका दुई प्रमुख शक्ति राजा र माओवादी सत्ताभन्दा बाहिर रहेको वर्तमान अवस्थाबाट कस्तो प्रभाव पर्ला ? विश्लेशन गर्नुपर्ने तथ्य हो । भूराजनीति र अन्तर्राष्ट्रिय शक्तिको कस्तो प्रभाव रहला ? सर्तक हुनुपर्ने स्थिति हो । अन्तर्राट्रिय विश्वास समेत प्राप्त गरेका व्यक्तिहरूको उपस्थितिले न्याय निरूपण र दण्डको अवस्थालाई व्यावस्थापन गर्न सक्छन् ।

सबै धार्मिक समुदायको प्रतिनिधित्व गर्नसक्ने व्यक्तिको उपस्थिति भएमा राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रको विश्वास प्राप्त गर्नुका साथै अनावश्यक दवावबाट बचाउन सकिन्छ । देक्षिण अफ्रिकामा बहुसंख्या क्रिश्चियन धर्मावलम्बीका प्रमुख आर्कविशप देशमण्ड टुटुको नेतृत्वका कारण आयोग सफल हुनसकेको हो । नेपालमा बहुसख्यक हिन्दु धर्मावलम्बीहरूको विश्वास पात्र व्यक्तिको उपस्थिति भएमा धेरै सहज हुने अनुमान लगाउन सकिन्छ । बुद्धधर्मालम्बीको पनि विश्वासनीयता उच्च रहेकाले मेलमिलापका लागि उपयोगी हुनसक्छ । सरकार र विद्रोही पक्षबाट पीडितहरू आपसमा मिलेर न्याय खोजिरहेको अनुकूल अवस्थालाई निकासको सकारात्मक पक्षका रूपमा उपयोग गर्नु वृद्धिमानी हुनेछ ।

वेदान्त र विज्ञान विषयक संवाद सँगसँगै काठमाडौंमा आयोजना हुनुलाई धर्म संस्कृतिको महत्व देखाउने प्रयासको रूपमा बुझ्न सकिन्छ । पहिलो अन्तर्राष्ट्रिय सम्मेलन भनिएको तथा छलफलका कार्यपत्र विज्ञान र धर्मका बीचको संवादका रूपमा रहेकाले धार्मिक क्षेत्रको प्रभाव सहजै स्थापित हुन सकेको देखिन्छ । श्री चैतन्य सारस्वत इन्स्टिच्युट भारत, सनातन साइन्स एजुकेसन एण्ड रिर्सच सेन्टर (रिकास्ट) त्रिभुवन विश्वविद्यालय कीर्तिपुर तथा सनातन स्टडिज एण्ड रिर्सच ऐकेडेमी त्रिभुवन विश्वविद्यालय कीर्तिपुरको संयुक्त आयोजनामा सञ्चालित दुई दिने संवाद सम्मेलनले अन्तर्राष्ट्रियस्तरलाई प्रतिनिधित्व गर्दै नेपाली विद्वानहरूको क्षमतालाई उजागर गर्न सकेको थियो । जीवनको श्रोत र विकासक्रमलाई केन्द्रविन्दुमा राखेर आयोजना गरिएको संवाद सम्मेलनले प्रमाणसहित लक्ष्यलाई स्पष्ट पार्न सकेको थियो ।

डा.दीपेन्द्र पराजुलीको प्राकृतिकदेखि आर्टिफिसियल इन्टेलिफेन्ससम्म वेद र संस्कृत भाषाको अवस्थालाई उच्चरूपमा विश्लेषण गरिएको अवधारणा पूर्वीयज्ञानको औचित्य र श्रेष्ठतालाई स्थापित गर्ने हैसियतको थियो । सत्यको नजिक पुग्न चैतन्यको उपयोग विषयक डा.मोहन खरेलको प्रस्तुति ग्रहणयोग्य रहेको थियो । विज्ञानका प्रस्तुति मुलुकलाई नै ज्ञान भूमिको रूपमा विश्वमा स्थापित गराउन सक्ने स्तरको थिए, विगतमा यस पक्तिकार संलग्न हुँदै जापानमा आयोजना गरिएको 'फिलोसफी अफ' पिस विषयक अन्तर्राष्ट्रिय सेमिनारमा भएको छलफलसँग तुलना गर्नसक्ने स्तरको पाइयो । जापानमा भएको अन्तर्राष्ट्रिय सेमिनारपश्चात् विज्ञान, धर्म र दर्शनलाई संयोजन गर्दै 'फिलोसफी अफ जोजन' प्रकाशित हुनगई चिन्तनको क्षेत्रमा बहसको स्रोत बन्न पुगको छ । आफ्नो मौलिक ज्ञान, इतिहास, धर्म-संस्कृतिहरूको विश्लेषण र उपयोगीता विश्वमा प्रष्टाउन खोज्नु स्वराज्यको भावना हो । हाम्रा मौलिक ज्ञान तथा संस्कृति-सम्पदालाई सौम्यशक्तिका रूपमा उपयोग गर्न सक्दा मुलुकको गौरब बढ्नुका साथै पर्यटनको वृद्धि हुनगई आर्थिक समृद्धिमा सहयोग पुग्नेछ । विज्ञान र धर्मका बीचमा तुलनात्मक ज्ञान तथा द्वन्द्व व्यवस्थापन र सामाजिक रूपान्तरणका लागि विश्वलाई आकर्षित गर्दै श्रेष्ठता हासिल गर्न सक्ने छौं ।


(क) द्वन्द्व रूपान्तरण र शान्ति स्थापनामा धर्म तथा अध्यात्मिक क्षेत्रको भूमिका अनुसन्धानका आधारमा आन्तरिक द्वन्द्व र दुई राष्ट्रबीच चलिरहेको युद्ध रोक्न धार्मिक जन परिचालनमार्फत प्रेरित गर्नसक्ने छौं ।

(ख)हिमालय सभ्यता, कालिगण्डकी सभ्यतालाई एशियाली सभ्यता संवादको केन्द्र बनाउँदै विश्वलाई नेपालमा ल्याउन सक्छौं । मानस खण्ड, हिमवत खण्डको अवस्थितिले देव भूमिका साथै विज्ञान र धर्मको समन्वयात्मक अध्ययनको केन्द्र बनाउन सक्छौं ।

(ग) खगोल र ज्योतिषको ज्ञानका आधारमा साझा आकाश देखाउँदै स्वराज्य र मेलमिलाप गर्नसक्छौं ।

(घ) संस्कृत र सफटपावरको अभ्यासको केन्द्र बनाउन सक्छौं ।






# मुक्तक लेख्ने प्रयासहरू : घाम पनि डुब्नुपर्छ विहान उदाउनको लागि



यस्तो होस् कि मौसम पनि, फूल फुलून् बनैभरी
जहाँ ! खोज्दै मायालु नै ! आई बसून् मनैभरी
अरू धेरै के ? नै छ र ! जिन्दगीले चाहेको त !
पुऱ्याई दिउन् यी चाहना, खुशी भरून् तनैभरी ।

—मुकुन्द पौडेल



सधैंभरि झरिलो फूल एउटै बोटमा फुल्ने भए
तिम्रो हाम्रो भेट हुँदा अन्तर मन घुल्ने भए
कति मीठो सम्झना त्यो के साँचेर राखेका छौ ?
परदेशीको भाव अर्को यो माटोमा खुल्ने भए ।

- डा.उत्तम खनाल



यहाँ मर्ने र मार्नेको टुङ्गो हुँदैन
मनपरी डेरा सार्नेको टुङ्गो हुँदैन
मायाको संसार हुँदोरहेछ विचित्रै
बुझ्नु जित्ने र हार्नेको टुङ्गो हुँदैन !

- रूबि सत्याल



अझै हाँसेरै बाँच्ने रहरमा छु साथी
हेर बग्दैछ जीवन नहरमा छु साथी
पाइलै पिच्छे भेटिए जाली आफन्त
मऱ्यो आशा सारा जहरमा छु साथी ।

- योगेश नेपाल अनन्त



बगर भित्रभित्रै नदेखिने पानी हुन्छ
छचल्किदै बहने उसको बानी हुन्छ
होसियार, आखिर खहरे न हो त्यो
थाहा हुन्न कतिबेला उ जवानी हुन्छ ।

- गंगा दहाल



भ्रष्टाचार ठगी चोरी बढ्यो देशभरी अरे
देशबासी भए दिक्क दुख्यो देशै बढी अरे
सुशासन कतै भाग्यो यहाँ निष्कृयता बढ्यो
कस्ले सम्हाल्न सक्ला खै देखिदैन कुनै अरे ।

- मुक्तिनाथ शर्मा



पैसा नै गन्तव्य रहेछ उदाउनको लागि
लेनदेन पो कारण रहेछ जुदाउनको लागि
तिर्नुपर्दा आफूलाई सबैभन्दा कमजोर नठान्नु
घाम पनि डुब्नुपर्छ बिहान उदाउनको लागि ।ण

- अर्जुन अधिकारी



सबै छोड्ने मूल्यमा एउटा सौगात पाएको
ढुकढुकीको माझ जसलाई सजाई राखेको
संवेदनाहरूको तस्करी बजारमा न खोसियोस्,
जीवनभरीको त्यो चोखो पुँजी साँची राखेको ।

- इन्दु तोदी



अर्को साल त बसाइँ सरौं कि भन्दैछु म पनि
पहाड छोडी मधेसतिरै झरौं कि भन्दैछु म पनि
कसका लागि भन्दा पनि यही धरतीका लागि
अकासका घाम तारा बनौं कि भन्दैछु म पनि ।

- जे.बी. खत्री



भन्नलाई सजिलो छ ख्याल नगरीकन
अहम् थोरै घटाऊ र असल व्यक्ति बन
खेद्नेहरू थाकेपछि अल्झिएर ढल्छन्
आफ्ना पायल लम्किरहुन् शिखर दनादन ।

- मनिषा प्रसाई



मुश्किलले क्षण बित्छ अनि दिन र रात
मनमा खुशी हुदैन गुमेपछि कसैको साथ
ए हजुर! अतृप्त चाहनायुक्त हुन्छ जीवन
रम्न खोज्छ मन तर पाइदैन कसैको साथ ।

- कृष्णबहादुर थापा



रूने आँसु छैन अझै दुःख पर्या'छैन
संकटको ठुलो भार अझै टर्या'छैन
यही गतिले दिनरात चल्ने सुर होला
अर्को सुर फेर्न अब हिम्मत मर्या'छैन ।

- गुरूदत्त ज्ञवाली

# चित्लाङपछि नयाँ गन्तव्य धादिङको चैलिङ

*- जयराम बिडारी*

ग्रामीण पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) नेपालद्वारा धादिङ जिल्लाको बेनीघाट रोराङ गाउँपालिका ८ स्थित चैलिङ गाउँमा दुई दिने पर्यटकीय अध्ययन,अवलोकन तथा अभिमुखीकरण तालिम कार्यक्रम भिटोफ नेपालका अध्यक्ष शकुन्तला देवकोटा पाण्डेको नेतृत्वमा सम्पन्न भएको छ ।

काठमाण्डौ बाट बिहिवार करिव तीन दर्जनका संख्यामा गएका पर्यटन व्यवसायी,विषय विज्ञहरू तथा पत्रकारहरूको टोलीलाई चैलिङ सामुदायिक होमस्टेका अध्यक्ष कृष्णबहादुर श्रेष्ठ लगायत स्थानीयले फूलमाला तथा टीका लगाई स्वागत गरेका थिए । लगत्तै कालिका माध्यमिक विद्यालय छात्रावास उद्घाटन समारोह एवं चैलिङ नमूना पर्यटन गाउँ प्रवर्द्धन कार्यक्रममा समेत उक्त टोली सम्मिलित भएको थियो ।



उक्त कार्यक्रमका प्रमुख अतिथि नेकपा माओवादी केन्द्रका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आफू स्वयंले पनि चुनौतिको पहाड चढेर देशको राजनीतिक एवम् सामाजिक रूपान्तरणको लागि पटक पटक जोखिम उठाएको स्मरण गराउँदै गाउँपालिका आफैँले व्यवस्थापन गर्ने गरी वडाभरिका विद्यालयलाई आवासीय सुविधासहितको एकिकृत विद्यालय बनाउने विवेकको कर्म चुनौतीपूर्ण रहेको बताए । उनले जनयुद्धकालीन समयको कठीन परिस्थितिमा परिवारको चार सदस्य गुमाउनु पर्दा पनि लक्ष्य तथा कर्तव्यपथमा निरन्तर लम्किएका वर्तमान गापा अध्यक्ष कृष्णबहादुर थपलिया 'विवेकले' उच्च आदर्श चरित्र निर्माण गरेको बताउँदै उनका योजना र कार्यक्रमले जनताको अपार सद्भाव र समर्थन प्राप्त गरेका कारण सहजै सफलता प्राप्त गर्ने समेत बताए । अध्यक्ष प्रचण्डले समाज विकासको आधार शिक्षा नै भएको बताउँदै विकशित देशको शिक्षामा समग्र बजेटको १०% लगानी हुने गरेको भएपनि नेपालमा तत्काल परिणाम नआउने बहानामा २% पनि लगानी नहुनु दुखद रहे पनि बेनीघाट रोराङ गाउँपालिकाले क्रमभङ्ग गरेर अघि बढेकोमा खुशी व्यक्त गरे ।


गाउँपालिका उपाध्यक्ष टापबहादुर श्रेष्ठले स्वागत मन्तव्य राख्दै समग्र समृद्धिको सपना देख्नु र पुरा गर्नका लागि सुन्य प्रतिशत बेरूजुका साथ इमान्दार प्रयास स्वरूपको कार्ययोजना बनाउने र लागू गर्ने क्रममा एकिकृत विद्यालयको अवधारणा आएको बताए । यसैगरि वाग्मती प्रदेशका पूर्व मुख्यमन्त्री सालिकराम जमकट्टेलले सम्बोधन गरेका थिए । विद्यालयका छात्राहरूले स्वागत गान तथा नृत्य र गाउँ पालिका कर्मचारीहरूले समेत 'घर हाम्रो नेपाल जाती हाम्रो नेपाली' बोलको गीतमा आकर्षक नृत्य प्रस्तुत गरेका थिए ।

कार्यक्रमको दोस्रो दिन बेनीघाट रोराङ गाउँपालिका तथा गाउँ पर्यटन प्रवर्धन मञ्च नेपाल (भिटोफ)को संयुक्त तत्वावधानमा पर्यटकीय अध्ययन, अवलोकन तथा अभिमुखीकरण तालीम सम्पन्न गरियो । भिटोफ नेपालका अध्यक्ष सकुन्तला पाण्डे देवकोटाको अध्यक्षता तथा पर्यटन बोर्डका उपाध्यक्ष रामप्रसाद सापकोटा (कमल)को प्रमुख आतिथ्य तथा गापा अध्यक्ष कृष्णलाल श्रेष्ठ 'विवेक' लगायत प्रमुख प्रशिक्षक प्रा. डा.प्रेम शर्माको समुपस्थितिमा सम्पन्न गरिएको थियो ।

कार्यक्रमका प्रमुख अतिथिको भूमिकामा रहेका रामप्रसाद सापकोटा(कमल)स्थानीय संरचना तथा उत्पादनका सामग्रीको अधिकतम प्रयोगले होमस्टे सञ्चालनमा प्रभावकारी भूमिका खेल्ने बताउँदै चैलिङ होम स्टे प्रवर्धनका निम्ति ब्रोसर तयार गर्नेदेखि पर्यटन बोर्डको माध्यमबाट घुमघाममा निस्कने आन्तरिक तथा बाह्य पर्यटकहरूलाई नयाँ गन्तव्यका रूपमा चैलिङ आउन अभिप्रेरित गर्ने बताए ।

उक्त कार्यक्रमका विशेष अतिथि गाउँपालिकाका अध्यक्ष कृष्णबहादुर थपलिया 'विवेक' ले चैलिङ गाउँलाई होमस्टेको नमूना वस्तीका रूपमा परिचित गराउनका लागि अहोरात्र खटिरहेका स्थानीय सँगै पर्यटनका क्षेत्रमा कृयाशील संघ संस्था लगायतले यहाँको सुन्दर भूगोल मठमन्दिर तथा मनलाई नै आनन्दित तुल्याउने मनोरम हिमश्रृङ्खलाको दृश्यावलोकन गर्न सकिने जस्ता सकारात्मक प्रचारप्रसारको आवश्यकता रहेको बताए । उनले राजमार्ग तथा राजधानीबाट नजिकै रहेर पनि झण्डै झन्डै कर्णालको झझल्को दिने अवस्थामा बेनीघाट रोराङ रहेको बताउँदै चिउरी चेपाङ र चमेरोको पर्यायका रूपमा रहेको यस स्थानमा ग्रामीण पर्यटनको विकाशले यहाँका जनताका जनजीवन परिवर्तन गर्न सकिने बताए । यसैगरि कार्यक्रमकी अध्यक्षता गरेकी शकुन्तला देवकोटाले पछिल्लो समयमा होमस्टेका लागि विख्यात रहेको चित्लाङ जस्तै राजधानीबाट नजिकै रहेको पर्यटनको अपार सम्भावना बोकेको चैलिङले आन्तरिक तथा बाह्य पर्यटकको सेवा स्वागत र सत्कारका माध्यमबाट छिट्टै नै आमूल परिवर्तन ल्याउनेछ र त्यसका लागि पर्यटन क्षेत्र सम्बद्ध सवैले प्रचार प्रसार गरिदिनु पर्ने आवश्यकतामा जोड दिइन् । उक्त अवसरमा डा.आलोक चालिसे, प्रा.डा. प्रेम शर्मा तथा भुमराज तिवारीले होमस्टे सञ्चालनका विधि प्रकृयाका बारेमा आधारभूत प्रशिक्षण दिएका थिए । सहभागीता जनाएका होमस्टेका सञ्चालकहरू तथा प्रशिक्षकलाई प्रमाणपत्र प्रदान गरिएको थियो ।

भिटोफका द्वितीय उपाध्यक्ष मनहरि पौडेलद्वारा संयोजन गरिएको सो कार्यक्रममा होमस्टे सञ्चालक समितिका अध्यक्ष कृष्णबहादुर श्रेष्ठले स्वागत मन्तव्य राखेका थिए भने नेपाल तथा चिन दुवैतर्फको मोहडाबाट दुई पटक सगरमाथा आरोहण गरिसकेकी सगरमाथा आरोही, पत्रकार तथा भिटोफकी सदस्य कल्पना महर्जनले कार्यक्रमको सहजीकरण गरेकी थिइन् ।




# टुक्का सुधा
## कवितासङ्ग्रह



*अरूणबहादुर खत्री*

नेपाली साहित्यमा टुक्का लेखन परम्परा नयाँ भएकोले कलम चलाउनेहरूको संख्या ज्यादै कम देखिन्छ । पहिलो टुक्का सङ्ग्रह ताराप्रसाद चापागाईंले २०७८ सालमा निकालेका थिएँ । रामप्रसाद पुरीको टुक्का सुधा नामक टुक्का कविता सङ्ग्रह २०८० सालमा प्रकाशित भएको छ । यसभित्र होली पर्व विशेष, गरीब आसमा, भेदभाव अन्त्य गरौ, छन्द चम्पकमाला, मायाको कसी विषयक टुक्काहरू राखिएका छन् । रामप्रसाद पुरी निरन्तर सिर्जना कर्ममा समर्पित स्वप्नद्रष्टा र साहित्यमा सक्रिय भइरहने नाम पनि हो ।

लाजले मस्कने ओठमा
मस्तले बस्नु है गोठमा ।

टुक्का कविता २०७७ सालमा जन्मिएको बिशुद्ध साहित्यिक विधा हो । कवितालाई निचोरेपछि मात्र टुक्काको जन्म हुन्छ । टुक्का दुई हरफको कविता हो । आफूले भन्न खोजेको कुरालाई दुई हरफमै लेख्नु पर्ने हुंदा साहित्यका अन्य विधाभन्दा यो विधा चुनौतिपूर्ण त हुन्छ नै । त्यसो त एउटा सानो टुक्काभित्र सिङ्गो ब्रहमाण्ड नै अटाउन सक्छ । जीवन र जगत्संग सम्बन्ध गाँसिएका टुक्का रचनाहरू सङ्ग्रहित यस कृतिले टुक्का लेखनका क्षेत्रमा थप योगदान गरेको छ । कविताको सबैभन्दा लघुतम रूपलाई टुक्का काव्यको रूपमा चिन्ने गरिन्छ । हरेक साहित्यिक रचनामा मानवचरित्र र क्रियाकलाप चित्रण गरेजस्तै टुक्का काव्यमा पनि व्यक्ति, समाज, वातावरण र समाजसँग सम्बन्धित अनेक पक्षलाई समेटेर सिर्जना गरिएका हुन्छन् । टुक्काकार रामप्रसादले सिर्जनामा बिम्बको राम्रोसँग प्रयोग गरेका छन् । विषयवस्तु प्रभावकारी ढङ्गले प्रस्तुत गरेका छन् । जसका कारण टुक्का पठनीय हुनमा थपेको छ ।

झेल छन् तासको खेलमा
घात भो के हुने मेलमा ।

टुक्का कविता मन पराउनेहरूको संख्या द्रुततर गतिमा बढ्दै गएको छ । टुक्का शब्दको अर्थ हेर्ने हो भने बृहत नेपाली शब्दकोषका अनुसार तुक शब्दको अर्थले शास्त्रीय पद्य रचनाका प्रत्येक पाउका अन्त्यमा पद वा अक्षरको समान आवृत्ति वा एकता, अन्त्यानुप्रासको एक रूप, तर्क वा बुद्धिसहितको सहमति वा सङ्गति टुक्का भन्ने बुझाउँछ । टुक्काकार रामप्रसादको सिर्जनामा प्रेम, राष्ट्रप्रेम, बालबालिकाप्रतिको प्रेम तथा प्रकृतिको प्रेम पाइन्छ ।

फूल सम्झ सबमा यस चोला
बग्छ झैं सलल यो पनि खोला ।

रामप्रसादले हुँदैनन् तिमीले नमाने भनेको सबैको रमेको संसारै बनेको टुक्कामा भनेका छन् । टुक्का कविता अन्य साहित्यिक विधाहरू भन्दा फरक गहकिलो भाव बोकेको समयसापेक्ष थोरै समयमा लेख्न र पढ्न सकिने, छोटा दुई हरफका कविता हुन् । टुक्का कवितालाई तिहारमा माला उनेझैं अक्षररूपी फूलहरूलाई छानेर, तौलेर, गनेर उन्नुपर्ने उत्कृष्ट शब्द संयोजनको सुन्दर माला हो । समसामयिक विषयवस्तुमा समेटेको टुक्का कवितासङ्ग्रह हो ।

खेतको काम पछिको माम किसान भएर
सबैको लागि छ काम हाम्रो यो दुःख गएर ।

रामप्रसादले यही देशको विपुल सम्पत्ति छ, मागेको तिम्रो हैन, मर्नै पर्छ एकदिन हामी अन्तमा लाने केही छैन टुक्कामा लेखेका छन् । रामप्रसादले पौरख गर्ने नकाट्ने कुरा व्यस्तै छ जीवन झरेकी हेर केसमा कसी सानीले रिबन भनेर टुक्कामा लेखेका छन् । धेरैले बोल्न नसकेका र नपाएका कुरा उनका टुक्काले बोलेका छन् । शास्त्रीय छन्दको सफल प्रयोग टुक्का परम्पराकै विशिष्ट प्राप्ति मानिन्छ । लघुतकम संरचनामा आउने टुक्का कविताले भावको एक झिल्कोदेखि सिङ्घो कङ्कथनलाई बहन गर्ने उच्च क्षमता राखेको हुन्छ ।

ढुकुटीमा नभए ऋृण काढी बेहिसाबमा खाउँला
बोझको भारी यता बोकाई आफू उतैतिर जाउँला ।

समग्रमा भन्दा टुक्काकार रामप्रसाद टुक्का लेखनमा खप्पिस छन् । टुक्काकारका मनमा लागेका विविध कुराहरू छन् यी टुक्कामा । टुक्काकारले जे देखेका छन्, सुनेका छन्, भोगेका छन् र अनुभूत गरेका छन् । ती मध्ये धेरै कुरा टुक्कामा रूपान्तरित भएका देखिन्छन् ।

गरेर काम खानुपर्छ हेर ठग्नु पापमा
मरेर जानु छ कुनै न लानु छ सरापमा ।

उनका टुक्का सुन्दर छन् र विविधताले भरिएका छन् । टुक्का सुधा नामक यस सङ्ग्रहभित्रका भावभङ्गी र अस्तित्व सबै लालित्यले भरिपूर्ण पारेका छन् रामप्रसादले । भावी साहित्यिक लेखनमा टुक्काकार रामप्रसादलाई सफलताको कामना गर्दछु । आगामी दिनमा उनका अन्य कृतिहरू हामीले पढ्न पाउने ठूलो आशामा बाधिएको छु ।

कृति: टुक्का सुधा । विधाः टुक्का कवितासङग्रह । टुक्काकारः रामप्रसाद पुरी । मूल्यः रू.२५०।-

# अध्यक्ष निर्मला शर्मा सम्मानित



साहित्यिक पत्रकार संघले नेपाल पत्रकार महासंघको नवनिर्वाचित अध्यक्ष पत्रकार निर्मला शर्मालाई स्वागत र सम्मान गरेको छ । पुस ५ को कार्यक्रममा अध्यक्ष शर्मालाई कार्यक्रमका प्रमुख अतिथि पूर्व मन्त्री माननीय पशुपति शमशेर जबरा र कार्यक्रमका सभापति साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकालीले सम्मानपत्रसहित सम्मान गर्नु भएको थियो ।

सोही कार्यक्रममा एस एस फाउन्डेसनका अध्यक्ष वरिष्ठ कलाकार मदनदास श्रेष्ठ र प्रमुख संरक्षक गीतकार एवं समाजसेवी शोभित उप्रेतीले बधाईपत्रसहित अध्यक्ष शर्मालाई सम्मान गर्नु भएको थियो । कार्यक्रममा प्रमुख अतिथि पूर्व मन्त्री माननीय पशुपति शमशेर जबरा, साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकाली, नेपाल पत्रकार महासंघकी नवनिर्वाचित अध्यक्ष निर्मला शर्मा, एस एस फाउन्डेसनका अध्यक्ष वरिष्ठ कलाकार मदनदास श्रेष्ठ र पत्रकार मनुका कुँवरले आआफ्नो मन्तव्य राख्नु भएको थियो ।

कार्यक्रमको सहजीकरण पत्रकार गोकर्ण भण्डारीले गर्नु भएको थियो । कार्यक्रममा पत्रकार, साहित्यकार, सङ्गीतकार र विभिन्न संस्थाका प्रतिनिधिहरूको उपस्तिथि रहेको थियो ।




सम्पादक/प्रकाशक : राजन कार्की
Editor/Publisher : Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np

## सम्पादकीय

# छिमेक सम्बन्ध किन चिस्सियो ?

नेपालको छिमेक सम्बन्ध निम्तो माग्ने, पाए जाने, नपाए ठुस्किएर बस्ने चरणमा पुगेको छ । नेपालको इतिहासमै यस प्रकारको असफल परराष्ट्रनीति र राजनीति कहिले पनि थिएन । नेपाल त्यसै असफलताको भीरमा पुगेको हो र ? भन्छन् विज्ञहरू । हुन पनि नेतृत्वतहमा काविलियत रहेन छ ।

खोक्रोपनले कूटनीति चल्दैन । राजनीति पनि भ्रम छरेर लामो समय टिक्दैन । जनयुद्ध, जनआन्दोलन, संविधान, दुई पटकको आवधिक निर्वाचनपछिको सरकार र संसदबाट प्रष्ट भयो- राजनीति भ्रम छरेर चलेको रहेछ । यही समयमा सरकारको कूटनीति पनि नाङ्गिएको छ । कूटनीति मागेर खाने र दिन्छन् कि भनेर ढुकेर बस्ने स्थितिमा पुग्नु असक्षमता नै हो ।

सम्बन्ध संवाद, समायोजन र पुनर्समायोजनबाट चल्छ । आधुनिक कूटनीतिको मूल मन्त्र पनि यही हो । यो मन्त्र नेपालले बिर्सेको छ । चीन र भारत, चीन र अमेरिकाले यही नीति अपनाएर लामो तनावपूर्ण सम्बन्धलाई अल्पकालिन, दिर्घकालिन र सामरिक परिप्रेक्षयुक्त बनाएर अघि बढेका छन् । यसकारण उनीहरूवीच बिबाद छ, संवाद छ, सम्बन्ध पनि छ ।

नेपालको भारत र चीनवीचमात्र होइन, अब अमेरिका, रूस, इयुलगायतका मुलुकहरूसँगको कूटनीतिक सम्बन्ध, राजनीतिक र सुरक्षानीतिको प्रमुख पक्ष भइसकेको अवस्था छ । यो अवस्थालाई नेपालले चटक्क बिर्सेर घुर्क्याउने, फुर्क्याए फुर्किने, पाए खाने, नपाए ठुस्किने अवस्थामा पुग्नु भनेको नेपालको कूटनीतिक सम्बन्धका बलियो संचिति समाप्त भइसक्यो, यी असक्षम नेतृत्वबाट नेपालको राजनीति र कूटनीति दुबै चल्न सक्दैन भन्ने अवस्था आयो । राजनीतिले कहिले स्थिरता दिन सकेन । अराजकता नै राजनीति बनेको छ । शान्ति, समृद्धि र सुशासन राजनीतिको पक्ष बन्नै सकेन । यसैगरी कुटनीति पनि गँजडीको व्यवहारजस्तो भयो । यसरी देशको स्थिरता र सम्बन्धमा सुदृढिकरण आउन सक्दैन । देश कमजोर हुन्छ, भइरहेको छ ।

परराष्ट्र मन्त्री कस्ता कस्ता भए, त्यसबाट थाहा हुन्छ, नेपालले कमजोर कूटनीतिका कारण धेरै कुरा गुमाउँदै गएको छ । परराष्ट्र मन्त्रालय आफन्तलाई भर्ना गर्ने, पार्टीको भागबण्डा मिलाउने, श्रीमती, साली, नातेदारलाई अवसर दिने, पालो पुऱ्याउने, आफू भन्नेलाई राजदूत बनाएर घुम्न पठाउने थलोको रूपमा चिनिएको छ । यसरी परराष्ट्रनीति चल्दैन भन्ने प्रमाणित भइसक्यो । छिमेकसँग, शक्तिराष्ट्रहरूसँग स्थिर र शान्तिपूर्ण सम्बन्ध निर्माण गर्न, बनेको सम्बन्धलाई सुदृढ पार्नमात्र होइन, उनीहरूको चासो संवोधन गर्न र नेपालको चासो र सुरक्षामा मजबुती ल्याउन र विकासका साझेदारहरूलाई विश्वस्त पारेर नेपाललाई सहयोग दिन, मैत्रीभावका रूपमा राख्न र उनीहरूलाई नेपालमा लगानीमैत्री गर्न उत्साहित पार्ने खालको कूटनीति हुनुपर्ने हो । नेपालको कूटनीति त विदेश घुम्ने, मार्केटिङ गर्नमा सिमित छ । नेपालको संविधानलाई भारतले नोटिसमा मात्र राख्दा असफल भएको छ । छिमेक सम्बन्ध सरकारले मात्र सञ्चालन गर्नुपर्नेमा त्यसो हुनसकेको छैन । यहीकारण परराष्ट्रनीतिमा बिचलन आएको छ, अन्तर्राष्ट्रिय सम्बन्ध बिथोलिएको छ । यहीकारणले नेपालको भारत र चीनमात्र होइन, अमेरिका र रूससँगको सम्बन्ध संक्रमित हुनपुगेको छ । नेपालका गहकिला मित्रहरूमा समेत नेपालप्रति विश्वासको संकट आइसकेको छ । नेपाल भूराजनीतिको महत्वका कारणले विश्वशक्तिको राडामा परिसकेको छ । बिग्रिएको परराष्ट्रनीति सम्हाल्न ढिला गर्नु मुर्खता हुनेछ । नेपालले समदूरी र असंलग्नताको नीति लिनैपर्छ ।

# लोकतन्त्रका टार्गेटीहरू, लूटतन्त्रका टाइगर बने




समाजवाद, जनवाद र सर्वहारावादका टाइगरहरू पेपर टाइगर हुँदै लोकतन्त्रको गुड्डी हाँक्दै लूटतन्त्रका टाइटर साबित भएका छन् । राजनीतिका टाइगरहरू त्यागी हुन्छन्, इमानमा बस्छन्, नैतिकवानका उदाहरण बन्छन्, जनता र देशप्रति जिम्मेवार रहन्छन् । लोकतन्त्र नामका लूटतन्त्रे टाइगरहरू जंगलका जस्ता छन्, जो हरेक दिन अपराधमा देखिन्छन् । जंगलमा अपराध हुन्छ, समाजमा अपराध फैलाउनेहरू समाज बदल्ने राजनीतिलाई अपराधशाला बनाइरहेका छन् । अपराध मिसिएको राजनीति र विष मिसिएको अमृत उस्तै उस्तै हो । लोकतन्त्रजस्तो अमृत व्यवस्था असमानता, अन्याय, अपराध र भ्रष्टाचारको बिगबिगीका कारण विषालु व्यवस्था बन्यो । यो व्यवस्था नफाल्ने हो भने देश र जनता झन झन जंगलतन्त्र बेहोर्न बाध्य हुनेछन् । जंगलतन्त्र भनेको अत्याचार हो, बाहुबलीतन्त्र हो ।

प्रजातन्त्रको बिडा उठाएको पाटी होस् कि समाजवाद, जनवाद भन्ने अथवा जनयुद्ध लड्ने लडाकादेखि कमाण्डर सबै पेपर टाइगर रहेछन् । १८ वर्षमा यी पेपर टाइगरहरूले देखाएको चरित्र भनेको चरित्रहीनता हो । राजनीतिमा चरित्र नभएपछि राजनीति अपराधतन्त्त बन्नेरहेछ । समाजवादका नाममा, सशस्त्र विद्रोहको नाममा तर्साउने र लुट्ने टाइगरहरूको हैसियत राम्रैसँग प्रमाणित भइसकेको छ । टाइगरहरू डरलाग्दा छन् । टाइगरहरू हिंस्रक छन् । टाइगरहरू भ्रष्टाचार नामको, अनैतिकता नामको रक्तपिपासु बनेका छन् । टाइगरहरू राजनीतिका नाममा अपराधतन्त्रको बिकास गरिरहेका छन् । अपराधतन्त्र न समृद्धि हो, न शान्ति, न लोकतन्त्र ।

पटक पटक सत्तामा गए, अहिले पनि सत्ता, संसद, शक्तिमा छन् । यिनले सम्पत्ति यसरी खाए कि खाद्य के अखाद्य के, छुट्याउने फुर्सदै पाएनन् । त्यसैले जनयुद्ध कमाण्डर देखि समाजवादका अगुवा भनिनेलाई कसैले लायक र नायक मानेका छैनन् । यी सबै अपराधशालाका हतियारजस्ता छन् । हतियारको काम काट्नु हो, सिध्याउनु हो । राजनीतिले जनमत, जनविश्वास, आफ्नै घोषणापत्र, प्रतिवद्धतामा घात गरिरहेका छन् ।

राजनीतिक टाइगर त बिद्रोही हुनुपर्ने हो । नेपालका टाइगरहरू भ्रष्टाचारी हुनपुगे । स्वार्थभन्दा यिनको प्राथमिकतामा केही पनि परेन । प्रजातन्त्र र जनयुद्धका टाइगरहरू भैरव अर्यालको जयभुँडीको कथामा जसरी खन्चुवा टाइगर हुन् । मानौं खानकै लागि यिनीहरूले समाजवाद भनिरहेका थिए, जनयुद्ध गरेका थिए । समाजवाद र जनयुद्ध त सत्ता नपाएको आक्रोश रहेछ, के के न गर्छौं भनेर समाजवादी र विद्रोहीवीच सम्झौता भयो र जनयुद्ध रोकियो । जनआन्दोलन, जनयुद्धपछि राष्ट्रियता हाऱ्यो, बहुदल हाऱ्यो, हिन्दुराष्ट्र र राजतन्त्र हाऱ्यो । यथार्थमा नेपालीत्व हाऱ्यो । १८ वर्षको कालखण्डको पाना पल्टाउँदा देखिन्छ- लोकतान्त्रिक चन्द्रमा कहिले उदाएन, सधैं कालरात्रि बन्यो । देश असिना पानी र जंगली हात्तीले नष्ट पारेको झापा, चितवनको केराबारीजस्तो बनिसक्यो ।

लोकतन्त्रले नयाँ नेपाल बनाउँछु भन्थ्यो, भएको नेपाललाई बेहाल बनायो । स्वर्गजस्तो नेपाल नर्क भयो । स्वर्ग बनाउन फेरि विश्वकर्माको सोच, शक्ति र एकाग्रता चाहिने भयो । पश्चिमा फिरङ्गी र दक्षिणा भिरङ्गी सल्केका लोभीपापीको भीडबाट विश्वकर्माको अवतार अवतरण हुने कहिले ? जो छन् टुप्पाबाट पलाएका विनिर्माणका अतिवादी-भाषणवादी छन्, टुप्पाबाट जरा उम्रदैन । मूर्ख कालिदासले गरे जस्तो टुप्पामा बसेर फेद काट्ने कर्मको उपमा बनिसक्यो नेपाल । सूर्य त हरेक दिन उदाउँछ, कसैको मनमा उज्यालो छैन । नेपालीको मन अँध्यारो, पीडामा, अन्यौलग्रस्त छ ।

देश निर्माणका लागि परिपक्व नेतृत्व हो, युवा सहभागिता हो । आफ्नै खुट्टामा उभिने, जसले अर्काको बाक्चाल बोकेर हिड्दैन, मौलिक चालमा उभिन्छ, चल्छ र केही गर्छ । त्यो पुस्ता बिद्रोहभन्दा बढी विदेशीन आतुर छ, समाज परिवर्तन नहुनुको नसो, समस्याको जरो यहाँ छ । यो जरोले झन झन जरा गाड्दैछ । देशको अस्तित्वमाथि खतरा बढ्दैछ ।

प्रमाणित भइसक्यो,जनयुद्ध, जनआन्दोलन र गणतन्त्र कार्यान्वयन, धर्मनिरपेक्षता पश्चिमा र दक्षिणाको प्रभाव स्थापित गर्नकै लागि थियो भन्नेमा शंका रहेन । आवश्यकता छ बुढोपुस्तालाई थन्क्याएर, युवापुस्तालाई नेतृत्वमा पुऱ्याउने कसरी ? युवाको विदेश पलायन रोक्ने कसरी ? आत्मनिर्भरताको सुरूआत गर्ने कहाँबाट , नेपालवादी थिङ्क टेंक छन्, तिनीहरू पनि लोभमा मुख गाड्ने हतारमा छन् । बुद्धले भनेका थिए- धैर्य सबैभन्दा ठूलो प्राथना हो । बुद्ध प्राथना अव धेरै भयो । अस्तित्व समाप्त हुन्जेल गरेको धैर्यको कति अर्थ बाँकी रहन्छ ? पुरातन कथन छ- पानीले ढुङ्गालाई पगाल्छ । पगाल्छ भने जनताको पानी मनले नेतृत्वको ढुङ्गापनमा पाइन हाल्नैपर्छ, तवमात्र नेपालीत्वको बीउ बाँच्ला । भद्रो हेरिरहे, अस्तित्व समाप्त पनि हुनसक्छ ।

छिटो विद्रोही महायज्ञको आराधना जरूरी छ । त्यो यज्ञ गराउने पुरोहित जन्माउनु छ । जनतालाई नेतृत्व दिनसक्ने, विद्रोहको सफलतापछिको खाका सार्वजनिक गर्ने र अगाडि बढ्ने को हो ? पिपलपाते र एकदिने आन्दोलन गर्ने स्वार्थीहरूको डफ्फाले कुनै परिवर्तन ल्याउन सक्दैनन् ।

लोकतन्त्रमा शासक पनि जनता, शासित पनि जनता हुन् । जनताले अव बोल्नुपर्छ- जनमत, जनबल लिएका जनताका नेताहरू खाली पैसा र सुखमात्र खोजिरहेका छन् भने तिनको राजनीति समाप्त हुनुपर्छ । राजनीतिलाई व्यापार व्यवसाय बनाउनेहरूलाई नागरिकले युक्लिड बनेर घोक्रेठ्याक लगाउने हिम्मत गर्नुपर्छ । नागरिक विद्रोहको बिकल्प बाँकी छैन । चाणक्यले राजनीतिलाई उत्तम समाजसेवा भनेका छन्, नेपालको सन्दर्भमा लोकनायकको मुखुण्डाधारीहरूले राजनीतिलाई हाटबजार बनाइदिए । अपराधतन्त्र, परिवारवाद बनाइदिए ।

नेपाली धर्म, संस्कृति, आफ्नोपन मेटिन थाल्यो । हातहातमा मोवाइल र पश्चिमा प्रभावले नङ्गपन बढ्यो, मारूनी नाच हराउन थाल्यो, बल डान्स बढ्न थाल्यो । लोकतन्त्र बिछट्टै पश्चिमाकरण भएर गयो । यस्तै हो भने धर्म, संस्कृति र संस्कारको बिनासलीला यही पुस्ताले देख्नुपर्ने वातावरण बन्दैछ । भावी पुस्ताले पाउने पुस्तैनी सम्पत्ति यही हो त ? भावी पुस्ताका लागि सग्लो नेपाल पनि नरहने हो त ? समयले उठाएको प्रश्न गम्भीर छ ।

जंगलका मांसाहारी बाघ, सिंह, ब्वाँसाहरूलाई चिडियाखाना बनाएर पाल्ने र जो आफ्नालागि अप्रिय हुन्छन्, ती सबैलाई तिनै जनावरलाई लन्च, डिनरको आहारा बनाउने परम्परा रोमनकालमा थियो । लोकतन्त्रमा लोकविरोधीहरू रोमन सम्राट बनेर आफ्ना बिरोधीहरूलाई झण्डै झण्डै त्यस्तै नीति लागु गरिरहेका छन् । पहिले सोझै कान समाइन्थ्यो, अहिले घुमाएर, फरक यत्तिमात्र हो । कानुन छ, कानुनमा राजनीतिकरण गरिएपछि देखिने रोमन काल नै हो । पार्टीहरूका, नेताहरूका यही नीतिका कारण नेपालजस्तो विकासशील मुलुकमा लोकतन्त्र खाउँ भने दिनभरिको सिकार नखाउँ भने कान्छा बाबुको अनुहार बनेको देखिन्छ । लोकतन्त्र कसैलाई मटन भोजन, कसैलाई बटर पाउरोटी र अधिकांशका लागि खोलेफाँडो पनि भागमा पर्दैन । यसकारण त लोकतन्त्र नेपालमा बदनाम छ, लुटतन्त्रमात्र छ । बिभेद, निषेध कहालीलाग्दो गरी बढेको छ ।

सबैलाई सत्ता चाहिएको छ । सत्ताका लागि शक्तिशालीहरूको जहिले गाँड कोराकोर देखिन्छ । यो बाघ, सिंह को हुने दन्तबजानमात्र हो । बाँकी इतरकाहरूले हेर्ने तमासा हो । औंलामा गन्न सकिनेहरू डारङ्गुर गर्ने, यसैलाई परिवर्तन मान्नेहरू तमासा हेर्ने । राजनीतिको संस्कार उपनिवेशवादी छ, जनभावना स्वाधीनतामा छ । यी जन जो आफ्नो स्वार्थी राजनीतिलाई लोकतन्त्र भनिरहेको छ, त्यो बदलिनुपर्छ । यसका विरूद्ध जनता आँधी कहिले बन्ने ? जसरी राजतन्त्र उल्टाएर लुटतन्त्र ल्याउन १७ हजार मारियो, अव मर्न तैयार हुने को छ र अर्को परिवर्तन सम्भव होला ? अर्को जनयुद्ध नभए जनताले सुखका दिन देख्न पाउनेछैन । जनविद्रोह नगर्ने हो भने यसैगरी मर्ने हो । जनताले निर्णय गर्नुपर्छ- यसै गरी मर्ने कि स्वाधीन भएर बाँच्ने ?

बुढाहरू राष्ट्रलार्य काटेर खाने, युवाहरू नेतालाई चाटेर अथवा विदेश भागेर बस्ने, सिदासादा डराएर थरहरि भएर रहने हो भने अर्को परिवर्तन गाह्रो छ । आज मुर्खता होइन, मौलिकताको खोजी गर्नुछ । सन १८५० मा श्री ३ जंगबहादुर राणा युरोप भ्रमणमा गएका थिए । भनिन्छ, हठी स्वभावका जंगले आफ्नो सम्मानमा बेलायतीलाई ७१ तोपको सलामी हान्न पनि लगाए । राणामा स्वाभिमान थियो, त्यो स्वाभिमान आजका नेतामा छैन ।

कहावत छ, एकदिन श्री ३ लाई फुटबल म्याच हेर्न लगियो । उनी म्याद हेर्दै थिए, खेलाडी जोस्सिएर खेल्दै थिए । एक्कासी श्री ३ जंगे एक्लै कराए- गोल...। वरपरका सबै जिल्ल परेर श्री ३ महाराजतिर हेर्न थाले । वरिपरिका भारदारले सम्झाए- महाराज, प्रभु, गोल भएको छैन, आउट भएको हो । गोलपोष्टमा बल छिरेमात्र गोल हुन्छ ख्वामित । यो सुनेर जंगबहादुरले जवाफ दिएका थिएरे- तँ नकरा, जान्नी न हो । जंगेले बोलेपछि बोल्यो बोल्यो । मैले भनेपछि गोल भएकै हो । आजका लोकतन्त्रवादीहरू श्री ३ को यसप्रकारको फर्मानतन्त्र चलाइरहेका छन् ।

जंगेमाथि अजंगे बनेकाहरूले बुझ्नुपर्छ- अजंगे भनेको जंगलीपन हो । लोकतन्त्र भनेको नेतातन्त्र होइन । नयाँ पुस्ताले अजंगेहरूलाई बुझाउन ढिला गर्नुहुन्न । सपना देख्ने र देखाउने छेपाराहरूको पछि लाग्नु भनेको पछाडि फर्कनु हो । जंगल पस्नु हो । आजका शिक्षित युवाहरू जंगली बन्न सक्दैनन् । आफ्नो संस्कार र संस्कृतिको जगेर्ना गर्दै आधुनिकतामा रम्नु रमाउनु सभ्यताको विकास हो । राजनीति यस्तो विकासमा होइन, विनासतिर अग्रसर छ ।

लोकनेता त अनुकरणीय छैनन्, घृणाका पात्र छन् । लोकका लागि लोकनेता डरलाग्दा जीवन हुन् । जनताले अपराधी ठहराएका व्यक्तिहरू जनताका शासक बन्नु भनेकै अलोकतान्त्रिकता हो । यस्तो शासन लोकतन्त्रको अपमान हो । किन बुझ्दैनन् डेढ अक्कलीहरू ? किन लोकतन्त्रको अपमानलाई लोकतन्त्र भनिरहेका छन् ?

व्यवस्था असफल हुँदा देशमा मानवीय विपत्ति आउँछ । आज नेपाल त्यही विपतमा छ । यसमाथि प्राकृतिक र अनेक विपत थपिएका छन् । यो विपत्तिलाई सहने पनि लोक हुन्, पार लगाउने पनि लोक । नेतृत्व विपतका सामु उभिन सकेनन् । यस्तो नेतृत्व, आँखामा बिझेको कसिंगर बेलैमा झिक्न सकिएन भने अन्धो हुने खतरा रहन्छ । अन्धो भनेको अँध्यारो हो, अन्धोपन हटाउँ । नेपाल लामो समय यस प्रकारको अन्धकारमा बाँच्न सक्दैन ।

समयले कसैलाई पर्खदैन ।

# भूराजनीतिको तीखो विश्लेषण

*भुराजनितिमा संतुलन कायम गर्न नसके परिणाम भयावह हुन्छ । रूस विरूद्ध युक्रेनले अमेरिकी आडमा नाटो भित्र्याउँदा युक्रेनी जनता युद्धको भुमरीमा जकडिएका छन् । अब युक्रेन बिभाजन हुँदैछ र आधा रूसमा विलय हुनेछ ।*

*यो युग सन १९९० अगाडिको युग होइन । सन ९० अगाडि चीन असंलग्न राष्ट्र थियो । अहिले चीन/रूस एउटा ध्रुवमा उभिएका छन् । १९९० अगाडि भारत रूसी ध्रुवमा थियो अहिले भारत अघोषित अमेरिकी ध्रुवमा उभिएको छ । बीपी कोइरालाको अति पश्चिमाकरणका कारण २०१७ सालमा चीन, रूस, भारतले महेन्द्रलाई सहयोग गरे तथापि पछि भारतले राजा महेन्द्रबाट स्वार्थपूर्ती नहुने भएपछि सुबर्णसमसेरलाई लगाएर महेन्द्रको हत्या गर्न जनकपुरमा महेन्द्र माथी बम प्रहार भयो । २०१९ सालमा चीनका तत्कालीन रक्षामन्त्री मार्शल चेङ यी नेपाल आएर नेहरूलाई थ्रेट दिएको इतिहास हेर ।*

*अहिले नेपालमा राजतन्त्र यहाँको इन्डो/अमेरिकी सेनाले बिस्थापन गरेको छ जसरी कम्बोडियामा गरिएको थियो । यो अवस्थामा काङ्गेस नामक बीपी कोइरालाको पार्टीले युक्रेन्लाई समर्थन, बिआर आइ रोक्ने भूमिका चीनविरूद्ध दलाई लामाको खेल मैदान बनाउन खोज्दाको परिणाम बर्तमान सत्तासमिकण हो ।*

*अब वीरेन्द्र हत्या गरेर ज्ञानेन्द्रलाई र पारसलाई अपराधी करार गरेर गणतन्त्र ल्याएको सेना यदि इन्डो/अमेरिकी कित्ताबाट खेल्न खोज्यो भने रूसले युक्रेनमा जस्तै चीन नेपालमा सैनिक अप्रेसन गर्न बाध्य हुने अवस्था सृजना हुनेछ । भूराजनीति मजाक होइन । वीरेन्द्रको हत्यागरेको हत्यारो सैनिक हेडक्वाटर सङ्ग अब यात नेपाल एकीकरणको लिगेसी सङ्ग आत्मसमर्पण गरेर २०१७ मा महेन्द्रलाई जिम्मेवारी दिएजस्तै दिने यात कम्बोडियामा जस्तो विघटन हुन तयार हुने ।*

*यो अवस्थामा प्रचण्डको नेतृत्व बामपंथी एकता साथ महेन्द्र मोडेलमा लामो समय जानसक्छ । माओवादी र एमाले साथै बामपंथी किताका इन्डियन र अति पश्चिमाहरू बाबुराम भट्टराईजस्तै किनारमा धकेलिनेछन् । बामपंथी पार्टी भित्रका इन्डो/पश्चिमा अनुचरहरूको अब सफाया नै हुनेछ । बिपि कोइरालालाई राष्ट्रबादी देख्ने दरबारिया अमेरिकी अनुचरहरू र कुख्यात मण्डलेहरूले अब धर्म र राजतन्त्रको आवरणमा इन्डो/पश्चिमा कितामा बसेर च्याँखे नथाप्दा हुन्छ ।*

*भूराजनितिमा प्रचण्डको प्रयोग नयाँ मोडेलमा हुनसक्छ । अब पश्चिमाको बफादार बनेर केपी ओलिले निभाएको दोहोरो भूमिकाको अन्त्य भएको छ अघोषित रूपमा बिद्या भण्डारी बामपंथी ध्रुवीकरणको केन्द्रमा हुनुहुन्छ । इतिहासमा डा. केशरजंग रायमाझीले जसरी भूराजनीति सन्तुलनको भुमिका निभाउनु भएको थियो बिद्या भण्डारीले । अहिले अन्तर्राष्ट्रिय संतुलनमा हुनुहुन्छ छ ।*

*पुस्पलाल नामक इन्डियन जासुसले कम्युनिस्ट आवरणमा भ्रमदिए जस्तो दिने दिनहरू अब समाप्त भए । ठूलै सफलता हासिल गरेको आत्मरती गरिरहेका नेपाली नीतिकार र शासकहरू किन नेपाललाई धुलोपिठो बनाउने (पाइरिक भिक्ट्री) खेल खेल्दैछन् ? किन सुगरकोटेड दिल्लीको विषाक्त चकलेट चुसेपछि ग्यास्टिक हुन्न भनेर तीन हात उफ्रिरहेका छन् ? जुन दिन अल्सरबाट क्यान्सर हुन्छ, त्यो दिन इन्दिरा गान्धीले सिक्किम खाएपछि भारतवादी नेताहरूलाई यिनीहरू आफ्नै देशका लागि काम लागेनन्, हाम्रो लागि के काम ? भनेर भेट्दै नभेटी फर्काइए जसरी फोर्किनेछन् । समयमै चेत फिरे पछुताउनु पर्नेछैन ।*

Gorkha Express Weekly

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# माओको बुई चढेर लुट्ने कि सेवा गर्ने ?



सुरेशकुमार पाण्डे

दिसम्बरको महिना आएपछि माओत्सेतुङ्ग याद आउँछन्। नौंलो जनवादी क्रन्तिका प्रवर्तक उनै हुन्। मार्क्सवाद-लेनिनवादी सिद्धान्त तथा कार्य र रणनीति तय गरेका थिए।

चीनको इतिहासलाई सन् १९४९ भन्दा पहिलेको र त्यसपछिको सन् १९७६ सम्मको माओको मृत्यु पछिको चीनलाई अध्ययन गर्ने हो भने चीनलाई तीन भागमा बाँट्न सकिन्छ। पहिलो चीनको सामन्तवादी अवस्थामा त्यहाँका जनता र देशको अबस्था अत्यन्तै दयनीय थियो। पछि माओको अगुवाइमा सम्पन्न भएको नयाँ जनवादी क्रान्तिले चीनको त्यो अवस्थालाई नयाँ पथमा लम्कायो। कामरेड माओत्सेतुङ्ग चिनियाँ जनताका लागि र चीनका लागि मात्र होइन विश्वका लागि नै प्रेरणाका श्रोत भएका थिए। उनले चीनमा गरेको नौलो जनवादी क्रान्ति एउटा मिसाल बनेको छ तर माओको उपस्थितिमै कम्युनिष्ट व्यवस्था भित्रै कम्युनिष्ट बिरोधी शक्तिको जन्म र कम्युनिष्ट आवरणभित्र उनीहरू लुकेका देखेपछि माओले आन्तरिक खतरा महसुस् गरे र सांस्कृति क्रान्ति सुरू गरेका थिए। सन् १९६६बाट १९७६सम्म उक्त सांस्कृति क्रान्ति दश वर्ष चल्यो। माओको मृत्यु पछि त्यहाँ माओले गरेको पूर्व अनुमान पनि पुष्टी भयो।

उनको मृत्यु सँगै प्रतिक्रान्ति पनि भयो जो त्यही व्यवस्थाको खाष्टो भित्र लुकेका अवसरवादीहरूले त्यहाँ प्रतिक्रान्ति गरे। उनिहरूले च्याङ्चिङ्ग जस्ता क्रान्तिकारीहरूलाई समेत जेलमा हाले र उनि पछि त्यही जेलभित्र मरिन्। यसरी कम्युनिष्टलाई कसैले हराउन सक्छ भने त्यो स्वयम् कम्युनिष्ट भित्र लुकेका अवसरबादहरूनै हुन्।

सन १९४९ देखी १९७६ सम्म २७ वर्ष भित्र चीनले धेरै विकास गरिसकेको थियो। आर्थिक, कृषि र टेक्नोलोजीका पूर्वधारहरू मांओकै देन थिए। माओले चीनलाई समाजवाद तिर डोराउंने प्रयासमा थिए। उनि केही वर्ष बाँचेको भए आज चीन समाजवादी हुनेथियो तर बिडम्वना अहिले चीनलाई साम्राज्यवाद भन्नुपर्ने भयो। समाजबादतिर जानसकेन।

कामरेड माओंले चिनियाँ क्रान्तिकारी आन्दोलनको नेतृत्व गरी चीनलाई आर्थिक आमूल परिवर्तन गराए।

स्वयम चीनिया कम्युनिष्ट पार्टीका संस्थापक मध्यका माओले छोटो समयमै चीनलाई नयाँ जनवादी व्यवस्था प्रदान गर्न सफल भए। मार्क्सवादी-लेनिनवादी सिद्धान्तमा आधारित रहेर अनुसाशित तवरबाट कतै दायाँ-वायाँ न लप्केर मात्र उन्ले विजय हासिल गर्न सके।

उनले देशीय सामन्तवाद र जापानी साम्राज्यवाद सँग र पार्टी भित्रका दक्षिण पन्थि अवसरवादीहरू सँग लगातार लामु समयसम्म सम्झौताहिन शंघर्ष गरेका थिए। एउटा सामन्य किसान परिवारमा २६ दिसम्वर सन् १९९३ मा जन्मेका माओले सबैभन्दा पहिले आफ्नै घरबाट विद्रोह गरेको देखिन्छ। माओको जीवनीको अध्ययन गर्दा के देखिन्छ भने सबैभन्दा पहिले आफुबाट संघर्ष गर्नुपर्दछ। आफुले जे काम गर्ने हो त्यसमा स्वयम प्रष्ट हुने र त्यसलाई व्यावहारिकता दिने।

एउटा सर्वहारासँग गुमाउनुका लागि ज्यान मात्र हो भने जित्नका लागि सरा संसार हुन्छ। यही कम्युनिष्ट सर्वहारावादी सिद्धान्त पनि हो। सबै प्रतिकृयावादीहरू कगजी बाघ हुन।

मार्क्सवाद-लेनिवादमा टेकेर नौलो जनवादी क्रान्तिको प्रतिवाद गरेर चीनलाई नयाँ व्यवस्था प्रदान गर्न सफल भएका माओ भन्छन्।

*'संसद भनेको खशीको टाउको झुण्डाएर कुकुरको मासु बेच्ने पसल हो'* 'विश्वका प्रतिकृयावादीहरू जे भन्छन् त्यो गर्दैनन् बरू उनिहरू जनताको मनमा डर देखाएर राज गरेका हुन्छन्। वास्तबमा मानिसलाई डरले नै कम्जोर बनाई दिएको हुन्छ। निडर स्पात बनेका क्रान्तिकारीहरू नै विजय हुनसक्छन्। हामीले देखिरहेका छौं संसारमा जो डराएन उसैले परिवर्तन ल्याएको छ।

एउटा गरिब किसानको घरमा जन्मेका माओं जसले आठ वर्षको उमेरमा बल्ल स्कुलको दैलो देख्न सके। उनैले साढे २ हजार वर्ष पुरानो र त्यो वेलाको लोकप्रिय धर्मलाई गलत साबित गरेर बाइपास गराउन सफल पनि भए। कन्फ्यूशियसका चारौटै मूल ग्रन्थहरू कण्ठ गरेका माओले आफुलाई पाठशालाको घेराभित्र मात्र सिमित राखेनन्। बरू पुरा ग्रन्थहरूको अध्ययनका साथ प्रतिबन्धित् र बिद्रोही पुस्तकहरू समेत लुकेर अध्यायन गरे।

'चेतवानीको शब्द"नामक पुस्तकले र नयाँ सुधारवादी'ले उन्को बिचारलाई फरकिलो पार्यो। १३ वर्ष देखि १६ वर्षको उमेर सम्म उनि घरेलुकामा अभिuए पनि अध्यायन गर्न छाडेनन्। 'चीनलाई विदेशी राज्यहरू द्वारा बिभाजन गरिने खतरा' नामक पुस्तिका उनको हातमा पर्यो। त्यसको पहिलो पेजमै 'हाय चीन सर्वनाशको विन्दुमा छ' भन्ने बाक्यले उनको मष्तिकमा गहिरो छाप छाड्यो।

सुरूमा निरङ्कुश राजतन्त्र विरूद्ध डा. सनयात सेनद्वारा चलाइएको क्वा मिङ ताङ आन्दोलनबाट प्रभावित भएका माओले आफ्नो जीवनको पहिलो लेख लेखेर स्कुलको भित्तोमा टाँसेका थिए। उनले क्वो मिङ्ग ताङको विद्रोहमा भागलिए। डा.सनयात सेनको १९११ को क्रान्ती असफल भएपछि। माओले सन् १९१२ देखि सन् १९१८सम्म उच्च शिक्षा अध्ययन गरे। कालेजबाट स्नातक भएपछि उनि पेकिंगमा ली ता चाओ जस्ता प्रगतिसिलको सङ्गतले मार्क्सवादतिर आकर्षित भए। लेनिनको ऐतिहासिक कृती 'राज्य र क्रान्ति' को प्रभावले म कम्युनिष्टतिर लागे।

साओशान हुनान प्रान्तमा जन्मिएका माओले आफ्नै घरबाट विद्रोहको शंखनाथ गरेका थिए। आफ्नै बाबाले किसान मज्दुरहरू सँग गरेको व्यवहारको उनले सशक्त प्रतिरोध र भण्डाफोर गरे।

कामरेड मोओत्सेतुङ्ग बिचारधाराबाट हामीले धेरै कुराहरू सिक्न सक्छौं। कुनैपनि देशको नक्कल गरेर वा कुनै आन्दोलनको अनुशरण गरेर क्रान्ति हुंदैन, बरू भिन्दाभिन्दै देशको अबस्थाहरूलाई अध्ययन गरेर त्यो देशको बस्तुगत अवस्था अनुसारको कार्यनीति अगाडी सार्नुपर्दछ। चीनजस्तो देशमा त्यो वेला समाजवादी क्रान्ति सम्भव थिएन। उनले १९४० को दशकमा नौलो जनवादको रेखा कोरेका थिए। कस्तो खालको नौलो जनवाद हो ? सिद्धान्त तैयार पारे।


सर्वहारा वर्गको नेतृत्वमा मिहेनतकस वर्गको अधिनायकत्व कृषि क्रान्तीमा आधारित नौलो जनवादी व्यवस्थाको आधारभूत सिद्धान्त बताएका छन्। उनले चीनिया क्रान्तिको द्वौरानमा अनुशासनका तीन नियम निम्ननुसार बताएका थिए। (१)आफ्ना सबै काम कार्वाईहरू आदेश पालनागर, (२) जनताबाट एउटा सियो र एउटा टुक्रा धागो सम्म नलिउ, (३) जफत् गरेका सबै चीजहरू बुझाउ। ध्यान् दिनुपर्ने आठ कुराहरू- १ विन्रमतापूर्वक बोल, २ किनेको चिजको उचित मूल्य तीर।, ३ पैंचो लिएको हरेक चिज फिर्तागर। ४ आफुबाट बिग्रेका भत्केका हरेक चीजको सुफत मोल तीर। ५ जनतालाई कुटपिट र गाली बेइजती नगर। ६ बालिनाली नष्ट नगर, ७ नारीहरू सङ्ग छाडा व्यवहार नगर। बन्दीहरू प्रति दुर्व्यवहार नगर। उनले काम गर्ने सम्वन्धी सोह्र बुँदाहरू अगाडी सारेका छन्।

'समभ्दार बन, केही सम्भावना खोज, छालको गती सरह अंघिबढ, बढि भन्दापढी प्रभावको लागि प्रयासगर, स्थितीको निरक्षण गर्न कुसल बन, ठिक समयमा निर्णय गर, बिचारलाई ब्यक्त हुन देऊ, गति रोधलाई तोड,यदि एकजना व्यक्ती पनि सत्यताको पक्षमा छ भने उसले बहुसङ्ख्याकलाई आफ्नो पक्षमा लिन सक्छ, समस्याहरूलाई ऐतिहासिक दृष्टीकोणले हेर, बुझ्न सकिने शैलीमा लेख, अर्ध साहित्यिक र अर्ध बोलचाल वा अर्ध शास्त्रीय शैलीमा नलेख। बुझ्न सक्किने शैलीमा जोडदेऊ र स्पष्ट श्रृंखला अप्नाउं, जिम्मेवार बन, गलत चिन्तन नगर। आलोचना बारे-आत्मलोचन गर मैत्रिपूर्ण आलोचना नियमित रूपमा गर र बिचारमा स्वतन्त्रता सामूहिक छलफल र कार्यमा एकरूपता, नेतृत्व र बिभिन्न बिभागहरूको बिचमा सम्वन्ध घनिष्ट बनाऊ। यसरी माओ आफैमा पनि अत्यन्तै सजग देखिन्छन्। १९२१ मा स्थापना भएको चीनिया कम्युनिष्ट पार्टीले ३० वर्ष भित्रै नयाँ गणतन्त्र स्थापना गर्न सफल भयो।

हाम्रो देशमा आफुलाई माओका अनुवाई ठान्नेहरू स्वयम आफैले पनि माओको बिचारधारामाथि भिषण आक्रमण गरेको पाइन्छ। उनिहरू माओको बुई चढेर जनतामा भय सिर्जित गर्ने लुट्ने र देशको भौतिक संरचना ध्वस्त पार्ने, देशलाई हरिकंगाल पार्न कुनै कसर छाडेका होला् भनेर भन्न सकिदैन। २००६ सालमा गठन भएको नेकपा हाँगा बाँगामा बिभाजित हुँदै आएको छ। हिरक जयन्ती मनाउँदा सम्म पार्टीको बिउ कसरी जोगाउँ भनेर छलफल गर्ने अबस्था छ। यस्तो नेकपाको अबस्था हुनुमा नेताहरूको चरित्रहीनता हो।

माओले भनेको जस्तै आज सयौं पटक नापेर एक पटक काट्ने व्यवहार हरायो। बरू काटेपछि बल्ल नाप्न थाल्छन्। छलफलमा स्वतन्त्रता कार्यमा एकरूपता हुँदैन। जसरी पनि आफ्नै नीति पारित गर्ने, आफ्नो पद नछाड्ने व्यवहार छ।

# अब राष्ट्रवादीहरूले कार्यगत एकतामा जुट्नुपर्छ




जर्मन राजदूत थोमस प्रिन्ज भन्नुहुन्छ- 'बर्लिन पर्खाल ढल्दा सबै उत्साहित थिएँ। जर्मनीले नेपाललाई लामो समयदेखि जलविद्युत्, स्वास्थ्य र दिगो विकासमा सहयोग गर्दै आएको छ। महामहिम राजदूतको विचार-

'बर्लिन वाल' भत्किएको समयलाई कसरी सम्झिनुहुन्छ ? त्यति बेला तपाई कहाँ हुनुहुन्थ्यो ?

म श्रीलंकामा थिए। त्यतिबेला अहिलेजस्तो इन्टरनेटको सुविधा थिएन। त्यसो हुँदा गुगलमा खोज्ने कुरा पनि भएन। बर्लिन पर्खाल ढल्यो भन्ने खबर मैले सञ्चारमाध्यमबाट थाहा पाएँ। टेलिफोन र टेलिभिजनबाट यसबारे थप जानकारी प्राप्त भयो। शुरूमा त छक्क परेँ। युरोपमा परिवर्तन देखा परेका थिए, तर पर्खाल भत्किनु बिलकुल आश्चर्यजनक थियो।

पर्खाल भत्काउन के कुराले भूमिका खेल्यो ? यसका पछाडिका कारण के हुन सक्छन् ?

पर्खाल भत्किनुमा भूमिका खेल्ने धेरै तत्त्व छन्। १९८९ मे २ मा हंगेरीले अस्ट्रियासँगको आफ्नो सीमा खुला गर्‍यो। हंगेरीको सिमाना पूर्वी जर्मनीसँग जोडिएको थियो र यो बन्द थियो। तर मे २ बाट बिनारोकतोक मानिसको आवतजावत हुन थाल्यो। पूर्वी जर्मनीका बासिन्दा हुलका हुल हंगेरी हुँदै अस्ट्रिया र पश्चिम जर्मनीसम्म पुगे। बर्लिन पर्खाल ढल्नुको एउटा कारण यो पनि हो। तर, यो शुरूआत थिएन। अरू पनि विभिन्न कारण थिए। यसमा आर्थिक पक्ष पनि जोडिन आउँछ।

युरोपका विभिन्न मुलुकमा आर्थिक संकट चुलिएको थियो। जस्तो कि, पोल्यान्डमा १९८० मा मासुको मूल्य आकासियो। सर्वसाधारणले खरिद गर्न नसक्ने भए। मजदुरले आन्दोलन गरे, भंयकर प्रदर्शन र हडताल हुन थाल्यो। यसको असर चौतर्फी देखियो। त्यसो हुँदा बर्लिन पर्खाल ढल्नुमा त्यति बेलाको आर्थिक कारण प्रमुख थियो। खासमा, पूर्वी मुलुकले पश्चिमसँग प्रतिस्पर्धा गर्न सकेनन्। उनीहरूले आफ्ना नागरिकप्रति पनि प्रभाव जमाउन सकेनन्। यस्ता अनेक संकटले ९ नोभेम्बर निम्तिएको हो।

१९६३ मा जोन एफ केनेडीको 'ईस बीन आइन बर्लिनर' र १९८९ मा रोनल्ड रेगनको 'मिस्टर गोर्वाचोभ, टेक डाउन दिस वाल' भाषणलाई महत्त्वपूर्ण र ऐतिहासिक मानिन्छ। योमध्ये कुनचाहिँ भाषणले बर्लिन पर्खाल ढाल्ने प्रेरणा या उत्साह दियो ?

खासमा पूर्वी जर्मनीका नागरिकलाई यसको जस दिन्छु। उनीहरू त्यति साहसी होलान् भन्ने कमैको अनुमान थियो। तर, हजारौं पूर्वी जर्मनहरू एक ठाउँ उभिएर आफ्नो साहस प्रदर्शन गरे।

त्यति बेलाका पूर्वी जर्मनीका राजनीतिज्ञलाई कसरी विश्लेषण गर्नुहुन्छ?

त्यहाँको शासनबाट नागरिक वाक्कदिक्क थिए। उनीहरूले पश्चिम जर्मनीका नागरिकको जीवनशैली पनि देखिरहेका थिए। उनीहरू हाम्रो जीवनशैली देख्थे अनि आफ्नोसँग तुलना गरेर असन्तुष्ट हुन्थे। पूर्वी जर्मनीमा समयअगाबै निर्वाचन सम्पन्न भयो तर त्यसमा धाँधली भएको खबर बाहिरियो। धाँधलीबारे हरेकले थाहा पाए।

एउटा चर्चित भनाइ छ- हामीलाई थाहा छ, उनीहरू झूट बोल्छन्। झूटबारे हामीलाई जानकारी छ भन्ने उनीहरूलाई पनि थाहा छ। र पनि उनीहरू झूट बोल्छन्। ९ नोभेम्बरबाट मैले सिकेको ऐतिहासिक पाठ यही हो। तपाईंले निश्चित समयसम्म मानिसलाई दमन गर्न सक्नुहुन्छ तर सधैँभर मानिसलाई दमन गर्न सम्भव छैन। शासकले बुझ्नुपर्छ, उनीहरूले सुरक्षित महसुस गरेको समय पनि बद्लिन सक्छ।

बर्लिन पर्खाल ढलेर पूर्वी र पश्चिम जर्मनीको एकता हुनुलाई व्यक्तिगत रूपमा कसरी लिनुभएको छ ?

बर्लिन पर्खाल ढलेपछि सबै कुरा परिवर्तन भयो। राजनीतिक र आर्थिक दृश्य पूर्ण रूपमा परिवर्तन भयो। युरोपियन युनियन पनि ठूलो भयो। १९८९ अगाडि र पछाडिको सम्पूर्ण परिस्थिति परिवर्तन भयो। आर्थिक रूपमा ठूलो समस्या थियो, किनभने पूर्वी जर्मनी आर्थिक रूपमा टाट पल्टिएको थियो। यसलाई सन्तुलनमा ल्याउन दशकभन्दा बढी समय लाग्यो। आज पनि 'सोलिडारिटी फन्ड'का नाममा पूर्वी जर्मनीका निम्ति हामीले ठूलो कर तिनुपर्छ। यो कोष पूर्वी जर्मनीलाई पश्चिम जर्मनीको हैसियतमा ल्याउने उद्देश्यले स्थापना गरिएको थियो।

जर्मन-विशेषगरी बर्लिन छेउछाउ बस्नेहरूको अनुभव कस्तो थियो ?

बर्लिन पर्खाल ढल्दा सबै जना उत्साहित थिए। यो एकताको समय थियो। मानिसले अर्को वर्ष वार्षिकोत्सव पनि मनाएका थिए। मलाई लाग्छ-सम्पूर्ण जर्मन अत्यन्त खुशी थिए। मलाई विश्वास छ, आज पनि ठूलो संख्यामा जर्मनहरू बर्लिन पर्खाल ढलेको दिन सम्झिएर रमाउँछन्।

बर्लिन पर्खाल ढलेकोमा मानिसमा आक्रोश पनि छ ?

आक्रोश छजस्तो लाग्दैन। जर्मन संघीय मुलुक हो। विभिन्न ठाउँमा बसोबास गर्ने मानिसका आ-आफ्ना परम्परा, संस्कृति, रहनसहन, रीतिरिवाज र खानपान छन्। कोही पूर्व बस्छन्, कोही पश्चिम, कोही दक्षिण त कोही उत्तर। यस्तो विविधताका कारण असन्तुष्टि पनि होलान्। त्यो स्वाभाविक हो।

तर, पूर्व र पश्चिमबीच एकअर्कामा आक्रोश, रिस वा आवेग छ भन्नेमा मलाई विश्वास छैन। पूर्वी र पश्चिम जर्मनीमा असमानता नभएका हैनन्। ठूला प्राइभेट इन्टरप्राइजेजको नेतृत्वमा पूर्वी जर्मन छैनन्। जर्मनीको सर्वोच्च अदालत र उच्च अदालतमा पूर्वी जर्मनका मान्छे एकदम कम छन्। तर धेरै कुरा परिवर्तन भएका छन्, यसले समय पनि लिन्छ। पूर्वी जर्मनीका केही गुनासा छन्, यो सत्य हो। पूर्वी जर्मनीका कतिपय मानिस आफूहरू उपेक्षित भएको महसुस गर्छन्।

अहिले सिक्नुपर्ने पाठ के हो ?

मानिस स्वतन्त्रता र समृद्धिमा बाँच्न चाहन्छ। मैले अगाडि पनि भनेँ- तपाईं कसैलाई पनि लामो समयसम्म दबाउन सक्नुहुन्न। मानिसले राजनीतिक स्वतन्त्रता र बजारको अर्थव्यवस्थामा सुधार खोज्छ। यसका निम्ति नागरिक समाजको सक्रिय र निरन्तर भूमिका खेल्नुपर्छ। नागरिक समाज प्रभावकारी नहुने हो भने मुलुक प्रतिगमनतिर जान्छ।

नेपाल र जर्मनी बीचको कूटनीतिक सम्बन्ध कस्तो पाउनुहुन्छ ?

आजसम्म नेपाल र जर्मनीबीच सौहार्दपूर्ण सम्बन्ध छ। नेपाल विकासको गतिमा अगाडि बढिरहेको छ र ठीक बाटोमा छ। नेपालको विकास प्रक्रियामा हामी राम्रो र असल मित्र बन्ने प्रयत्न गरिरहेका छौं।

नेपालले अहिले के-कस्ता विषयमा आफ्नो ध्यान केन्द्रित गरेको पाउनुहुन्छ ?

नेपाल मध्यम आय भएको मुलुक बन्ने बाटोमा छ। हामीले यहाँ धेरै प्रगति भएको देखेका छौं। मानव विकास सूचकांकको तथ्यांक हेर्ने हो भने नेपालको प्रगति देख्न सकिन्छ। उदाहरणका निम्ति, स्वास्थ्य क्षेत्रलाई हेरियो भने पनि प्रस्ट हुन्छ, यसभित्र नेपालले धेरै मुद्दामा सुधार गरेको छ। विकास प्रक्रियामा हामी नेपालको विश्वासिलो मित्र हुन चाहन्छौं। केही समयअगाडि नेपाल सरकार र जर्मन सरकारबीच बर्लिनमा विकास सहायतासम्बन्धी द्विपक्षीय वार्ता भएको थियो। जर्मन सरकारले नेपाललाई ५१ मिलियन युरो सहायता उपलब्ध गराउने सहमति भयो। यो सहायता आगामी दुई वर्षका लागि भएको हो। यो ऊर्जा, स्वास्थ्य सेवा र स्थानीय विकासमा खर्च हुनेछ।

जर्मनीले नेपालको द्वन्द्वकालीन मुद्दामा चासो देखाएको छ। तपाईंहरूले आफ्नो दूतावासको वेबसाइटमा समेत यो प्राथमिकतामा रहेको बताउनुभएको छ। यो मुद्दा नेपालमा प्राथमिकता पाएको छ ?

यो लामो प्रक्रियामार्फत टुंगिने मुद्दा हो। यसमा काम भइरहेजस्तो लाग्छ। भर्खर संसदरूबाट द्वन्द्वकालीन मुद्दासम्बन्धी विधेयक पास भएको छ। अब आयोगले पनि काम गर्छ होला। आयोगले १६ हजारभन्दा बढी मुद्दा एक-एक गरी अध्ययन गर्नुपर्ने अवस्था छ। अन्ततः नेपालले सही बाटो समातेको छ। लामो समयको छलफलपछि एउटा निष्कर्षमा आइपुगेको छ। यस अर्थमा म असाध्यै खुशी छु। आशा गरौं, द्वन्द्वकालीन मुद्दाको टुंगो लाग्नेछ। अब यो प्रक्रिया कुनै बाधा-व्यवधान नभईकन अगाडि बढ्ला। पीडितको कुरा सुनिएला। अन्ततः गृहयुद्धले छाडेको घाउ सञ्चो होला र हरेकले न्याय पाउलान्।

जवाफ दिन सहज नहोला तर मुद्दा छिटो टुंग्याउने उपाय छन् ?

यसको गहिराइमा नजाऊँ। तर, यसले समय लिन्छ। द्वन्द्वकालीन मुद्दा धेरै छन् र हरेक घटनालाई एकएक गरेर अध्ययन गर्नु जरूरी छ। क्षतिपूर्तिको विषय पनि टुंग्याउनुपर्ने छ। कसले कति क्षतिपूर्ति पाउने भन्ने विषयमा गहन छलफल जरूरी छ र यो सजिलो काम होइन।

पर्यावरणका कारण नेपालले भोगिरहेको क्षति पनि ठूलो छ। जर्मनीले नेपाललाई के कस्तो सहयोग गरिरहेको छ ? सहयोग गर्ने योजना छ ?

हामीले नेपाललाई लामो समयदेखि जलविद्युतरूमा सहयोग गरिरहेका छौँ। नेपालले 'ग्रिन इनर्जी'मा छलाङ मारिरहेको छ। नेपालको आधुनिक हाइड्रोपावर मर्स्याङ्दीमा जर्मन सरकारले सहयोग गरेको थियो। मध्य मर्स्याङ्दी जुन नेपालको दोस्रो ठूलो जलविद्युत आयोजना हो, यसमा पनि जर्मनीको सहयोग छ।

९० दशकको अन्तिमतिरबाट यसमा हामीले निजी क्षेत्रको प्रवेश देख्यौँ। यसले जलविद्युतरूमा सरकारको प्रवेश अत्यावश्यक भएन। हामीले पनि विद्युत् उत्पादनलाई छाडेर विद्युत् प्रसारणमा ध्यान दिन थाल्यौँ। त्रिशूली-चिलिमे प्रसारण लाइनमा जर्मन सरकारले सहयोग गरेको छ। लेखनाथ-दमौली प्रसारण लाइनको काम पनि शुरू भएको छ। सम्भवतः आगामी पाँच वर्षमा यो काम सकिन्छ। आगामी दिनमा हामी नेपाल सरकारलाई विद्युत् वितरणमा आधुनिकता भित्राउन सहयोग गर्नेछौँ। घरघरमा नयाँ प्रविधिमार्फत विधुत वितरण गर्नुपर्छ भन्ने हाम्रो मान्यता हो।

आगामी २० वर्षमा नेपाल दक्षिण एशियामा ग्रीन पावर हाउस बन्नसक्छ। यसले जलविद्युत् आफ्ना छिमेकी राष्ट्रलाई बेच्न सक्छ। हाइड्रोपावर र सोलार इनर्जी नेपालका निम्ति असाध्यै राम्रो हुने देख्छु।

नेपालमा अरू कुन-कुन क्षेत्रमा जर्मन सरकारको सहयोग छ ?

म तिहारमा भक्तपुर गएको थिएँ। त्यहाँ मैले ७० को दशकमा भक्तपुर कस्तो देखिन्थ्यो भन्नेबारे कुरा सुनेँ। त्यतिबेला भक्तपुर फोहोर देखिन्थ्यो, ट्वाइलेटसमेत थिएन। त्यो अस्तव्यस्तताले मानिस बिरामी पर्थे। १९७४ मा भक्तपुरको निर्माण प्रक्रिया शुरू भयो। त्यसपछिको २५ वर्षमा भक्तपुर पूर्ण रूपमा परिवर्तन भयो। मलाई लाग्छ, यो महादेशमा भक्तपुर अत्यन्त सुन्दर शहरमध्य एक हो। अहिले हरेक घरमा ट्वाइलेट छ। स्वास्थ्यमा पनि सुधार आएको छ।

यस्ता खालका प्रोजेक्ट अरू भागमा पनि सञ्चालन गर्नेबारे जर्मनले केही सोचेको छ ?

सम्पदा संरक्षणमा हामी अहिले पनि सक्रिय छौँ। हामीले पाटनमा मठमन्दिरमा काम गर्ने सोचिरहेका छौँ। उपल्लो मुस्ताङमा पनि हामी काम गरिरहेका छौँ। हामीले त्यहाँको मठमन्दिर र दरबारमा काम गरेका छौँ। तर, अब भक्तपुरको जस्तो प्रोजेक्टचाहिँ हुँदैन। सबैतिर तीव्र आधुनिकीकरण र शहरीकरण भइरहेको छ। अब शहरमा नयाँ समस्या देखिन थालेका छन्। हामीले भर्खर मात्र बाढीको वितण्डा देख्यौँ।

नेपालमा राजदूतको रूपमा तपाईंको कार्यकाल सकिने बेला भएको छ। यहाँ बसेको समयलाई कसरी मूल्यांकन गर्नुहुन्छ ?

मसँग धेरै सकारात्मक स्मृतिहरू छन्। यहाँ राजदूत भएर आउने मभन्दा अगाडिका साथीहरूको अनुभव पनि यही छ। नेपाली असाध्यै फरासिला छन्। उनीहरू नयाँ मान्छेलाई स्वागत गर्छन्। उनीहरू आफ्ना कुरा निर्धक्क राख्ने रहेछन्। चितवन राष्ट्रिय निकुञ्ज, उपल्लो मुस्ताङ, लाङटाङ भ्याली र गोसाईंकुण्ड पुगेँ। नेपालको प्राकृतिक सुन्दरता लोभलाग्दो छ। म नेपालबारे ९९ प्रतिशत सकारात्मक छु। मैले यहाँका मन्त्री र प्रधानमन्त्रीसँग भेटेको छु। अलिकति स्थिरता भयो भने विकासमा पनि अझ सहज हुन्छ।

यहाँको सरकारलाई सुझाव के छ ?

हैन, सल्लाह वा सुझाव नदिऊँ होला। नेपालले सही बाटो समातेको छ भन्ने लाग्छ। नेपालको एयरपोर्टमा 'अन-अराइभल' प्रक्रियामा समस्या छ। एयरपोर्टबाट बाहिर आउनै दुई घण्टाभन्दा बढी समय लाग्छ। मैले थुप्रै मन्त्रालयलाई नयाँ प्रविधि जडान गर्न आग्रह गरेको थिएँ। तर, काम भएको छैन। यो सानो रकम र थोरै समयमा सकिने काम हो।

तपाईंले काठमाडौंदेखि ढाकासम्म साइकलमा यात्रा गर्नुभयो। कस्तो थियो ?

मलाई साइकल चढेर डुल्न असाध्यै मनपर्छ। मेरो श्रीमती बांग्लादेशी हुन्। उनको बसाइँ त्यतिबेला ढाकामा थियो। ढाकासम्म साइकलमा जाँदा बीचमा ठाउँहरू समेत हेर्न पाइने लोभ थियो। म यहाँबाट हेटौंडा, वीरगन्ज हुँदै भारत गएँ र त्यहाँबाट ढाका गएँ। म त्यहाँबाट मात्र जान पाउने रहेछु। म बिहार र पश्चिम बंगाल हुँदै गएँ। यो मेरा लागि नयाँ अनुभव थियो। @ukaalonews का साथमा

# BLOOD-DRIPPING VALLEY OF KASHMIR

ALI SUKHANVER

Pakistan's concerns over Kashmir are very genuine and legitimate as the situation there is getting horrible day by day. The helpless Kashmiris are hopelessly waiting for someone who could save them from the tyranny and brutality of the Indian security forces. A very true picture of the present day Indian-Held Kashmir was portrayed by the Aljazeera in a report a few days back, "In more than 50 interviews, residents in a dozen villages in Kashmir told The Associated Press that the military had raided their homes since India's government imposed a security crackdown in the region on August 5. They said the soldiers inflicted beatings and electric shocks, forced them to eat dirt or drink filthy water, poisoned their food supplies or killed livestock, and threatened to take away and marry their female relatives. Thousands of young men have been arrested." But on the other hand Mr. Modi is still harping on the same string that the cancellation of Article 370 and 35A would bring a new flood of peace and prosperity in the Indian Held Kashmir. It is difficult to understand what type of peace and prosperity this region is going to be blessed with in such a horrible situation where even the honour of Kashmiri women is not safe. If this is Modi's desired shape of peace and prosperity, the Kashmiris would prefer to live in the hell of anarchy and distressful poverty instead of Modi's paradise of peace and prosperity.

Agonizingly painful fact is that whosoever tries to raise voice in favour of the wretched Kashmiris, the Modi government starts a very well organized type of hostile propaganda move against it. Pakistan is also one of such victims to this propaganda move; it has to face a lot of hindrances and hurdles, sometimes in shape of blames and allegations and sometimes in form of conspiracies; the objective is simply to malign Pakistan's support to the Kashmiris. But positive is the fact that in spite of this childish and notorious behaviour of the Indian government, Pakistan has neither changed its policy nor its philosophy regarding its efforts for the world peace specifically for peace in the Indian-Held Kashmir. It is also a notable fact that Pakistan has never supported, favoured or encouraged any type militancy based action against the cruelties of the Indian security force in the Indian Held Kashmir. A few days before going to USGA, the Prime Minister of Pakistan had said talking to media that anyone wanting to go and fight in occupied Kashmir would do a great injustice to the Kashmiris by undermining their legitimate cause. He had further said, "Such an act would be an act of animosity towards the Kashmiris." This statement of Mr. Khan was warmly appreciated and admired even by the US authorities. Acting Assistant Secretary for South and Central Asia Alice G. Wells said commenting upon Mr. Khan's statement, "Pakistan's sustained commitment to counter all terrorist groups is critical to regional stability." Whatever Imran Khan said in his statement is a very clear message to the world that Pakistan wants a peaceful solution to the Kashmir issue without any bloodshed without any massacre. Unfortunately the Modi sarkar is taking Pakistan's desire for peace as a weakness of Pakistan. Just to make things clear for the Modi sarkar, Imran Khan, in his speech at UNGA, had to warn the world that India's actions in Kashmir could cause a "bloodbath" in the region and provoke war between the two nuclear-armed countries. At the UNGA meeting, Mr. Modi also did his best to misguide the world regarding


KASHMIR
is bleeding

Once a Shangri-La, Kashmir is now a battlefield.

the ever worst situation of human rights violations in Kashmir by presenting a very calm and peaceful picture of the valley but all his efforts surely received a very serious setback when the honourable participants of the General Assembly came to know of a petition filed in the Houston Court by a victim Kashmir-American family for grave human rights violations in Kashmir. The Court had summoned Mr. Modi, Amit Shah and the commander of the Indian army in Kashmir. It seems that Mr. Modi could not remember that Court 'invitation' in his heat and haste. Hopefully he would again receive an 'invitation' for the same purpose.

For the last many weeks, no internet, no mobile phones, no media, no communication; situation in Kashmir is getting worse and worse. incidents of rape are on a rise; Indian security forces are brutally butchering the protesters; use of pallet guns on Kashmiri youth has become a routine practice; people are not allowed even to go to the mosques. In short, on one hand the Modi government is claiming that Kashmir is 'Atoot Ang' of India but at the same time the people of Kashmir are being treated as if they belong to some hostile land; as if they are aliens. The atrocities and cruelties inflicted upon the people of Kashmir by the Indian security forces are a proof that inwardly Modi sarkar has accepted the reality that Kashmiris, in no way, want to be a part of India. The hostility of the Indian government against the Kashmiri people shows that India wants Kashmir without the people of Kashmir. To the Modi government important and valuable is the land of Kashmir, not the people of Kashmir.

# Go to own way gathering also but never seen



**Jagadish Pradhanang**

Red rounding as a syambol of sweet flower with highlighting electronic power from far blue Sky to worldwide wonderful faithful awaking of the day Sunday to Saturday Merry Happy Good Morning who is go through and to pay attention by mind connecting green looking not a dry unhappy never seen. Innumerable thanks drop of hot and cool water tears eye messenger to many way from Science technology progress way which are sharp seeing everyone far blue Sky another world to deeply Ocean in a more sensitive Planets to many amazing color Animals playing each other as a playmates since long ago year. How amazing our human life which makes a dreams to truly life go to travelling worldwide and another planets also by progress Science technology from Airline and big shipping.

But we are all of laughing and thrill of joy sweet flower life. Some person does not like from dirty mind dirty poverty politics person which is effective family to all society friendly circle. Needs to aware and struggle by we to that people who is anywhere any moment only deeply attention revolving chair by the power how to earning lot of money, how to take a revenge to all with well independent party who is well doing for the Nation for people. Dirty poverty mind dirty politics are only deeply open the eye how to deposit many money and how to make many storied upper to underground excellent attractive Mall. Many a many example looking master mind in a Nepal to Worldwide day by day from young to old age also. Who is master mind they are also student in a school, in a college to Universityonce upon a time but they are forget past history after earning innumerable property from them he or her full pocket money with dancing on revolving chair power how to fulfilled empty vessel how to victory of life from all people to people.

They are never go to right path from them he or her mind what will be happen in a future in life. As a matter of fact it will be sorrowfulhorrible happen in a future. So its called misfortune never comes to terrible events alone as a empty vessel according to real law of Almighty power seen and unseen power which is effective end of life. Sun, Moon, Volcano, Earthquake, river floods, dreadful climate, Many dangerous disease which is power to stop by any Doctor, Any Science technology, Sanyasi Baba, any powerful person but ranging the bell imagination what I should be done how to alive long life how to use my my how to safe my attractive house but they don't have power do nothing until the valley of death.

Needs to imagine also for the highlighting of human being about the name and fame in a own Nation to Worldwide which you well deeply views. Hell and Heaven life are part of mind uncountable imagination we are looking everywhere everyday Science technology and revolving chair power well progress of own Nation to Worldwide with looking more merit to demerit also. There are not a hidden human story yet try to them hidden own story what is well doing and misdoing for the Nation for the people. Death is sure as as spark of that immortal fire from far blue Sky to Earth who is imagine and doing more or some. Again and again not a imagine not a truthful but ranging the bell on temple mind with inner heart. Who is more crying whenever universal truth born to death in here and over there peaceful mind to heart betting where are makes a real red blood, Black blood and White blood in a human to any Animals to flying Birds and playing on the River and deeply Ocean in a dancing singing and another World in a far Sky to inner Earth wh is not effective any climate but running the Good Morning to Good Night by the Almighty power lighting by Sun and Moon. Take a lesson from that immortal lighting and pure Water which are not control by any dirty mind dirty poverty politics and any highlighted Scientechnology. Past a present hints of own story are running dancing but never fulfilment in a human life. It will be end of life anytime when seven elements go to own way according to real law of almighty powerful God. They will be gathering each other when enter to any human being anyAnimals. It will never seen from any well Science technology any perfect Doctor any dirty mind except unseen Almighty power.

# Smash And Grab

*By Sunanda Datta Ray*

Small knots of half-hearted demonstrators along the way spoke of hasty efforts to organize protests, but what struck the Chogyal was that Khorana quickly donned his hat whenever they approached habitation. "You seem to be afraid of bombs or something" he remarked, only half in jest, "chat hat isn't armour-plated by any chance, is it¿" The police commissioner smiled weakly without saying anything. But something hurtled through the air to explode on the windscreen with an ear-splitting bang just as the car slid over the Singtam bridge. Amidst the noise and the confusion, the driver stepped on the accelerator and kept up speed until people and houses had been left far behind. They stopped then to inspect the damage and found that the glass had cracked, and its metal frame melted and twisted under the impact. Khorana claimed to be at a loss, but warned that a broken-down tractor blocked the road at Rongpu. They made a wide detour to Kalimpong, and again took a longer route through Lava because the police commissioner feared hostile demonstrators at Teesta, well within West Bengal.

These irritations were nothing compared to the storm that broke out while the Chogyal was in Kathmandu. An hour-long audience with King Birendra, private conversations with Senator Charles Percy and Lord Mountbatten, and accidental encounters at social functions with China's vice-premier, Chen Hsi-lien, gave rise to wild charges of conspiracy. They seemed to be confirmed when the Chogyal told a press conference that he "would not leave any stone unturned" to preserve his country's identity. Convinced that the Chogyal had left Gangtok clandestinely, the Indian press at once screamed that with the USA, Britain, China, and Nepal behind him, he was going to appeal to the UN; the sinister aim, they said, was to convert Sikkim into a beachhead of Western imperialism. Reporters covering the press conference speculated that the Chogyal might not return to Gangtok. Some of his Sikkimese friends also felt that it might be tactically advisable to stay on in Nepal, ostensibly on pilgrimage visiting Buddhist shrines: it would obliquely proclaim his objection to New Delhi's manoeuvres, and also make it impossible for Lal and Kazi to run a headless government. But prevarication was not in his nature. "My country is Sikkim," he told questioners "I certainly want to live and die there."

That should have set at rest doubts about his seeking redress beyond India. But briefed by the external affairs ministry, hysterical Indian newspapers were not to be mollified. It was paradoxical though that the point most vehemently made was that any international approach would violate the treaty which gave India exclusive control of the kingdom's foreign relations. It did not seem to occur to anyone that Mrs. Gandhi had gleefully driven coach and horses through that agreement.

In Gangtok, Kazi displayed ferocious anger. Accusing the Chogyal of slipping away without the government's knowledge or permission, he regaled visitors with blood-curdling descriptions of the punishment he would inflict, and presided over vengeful meetings; Chavan received two letters above Kazi's signature demanding the throne's abolition. Poudyal and Santosh Kumar Rai, speaking for the Youth Congress, also wanted the monarchy liquidated. While Gangtok bubbled, officials in New Delhi wrung their hands to explain that they might no longer be able to protect the Chogyal from his people's fury. A dramatic finale was expected as he flew back to Calcutta on 1 March to rest in Wood Street for a while and repeat everything that he had said in Kathmandu, again calling for a. referendum in Sikkim. He had planned to return on 3 March but was obliged to stay on an extra day for an appointment with his doctor. The delay upset arrangements for the outburst of populist rage that was to have greeted him, and Rangpo seemed deserted when the Chogyal arrived on 4 March, escorted by a pilot car, four jeeps laden with West Bengal policemen, and .12 Sikkim Guards soldiers under Yongda and Chhetri. They had met the flight at Bagdogra but Khorana had pleaded illness for not being at the airport, as custom decreed he should have been. Nor had he sent any Sikkim police or CRP to receive the ruler at the border. Instead, the Rangpo check post had been vacated so that a police presence did not inhibit demonstrators. But the men who had collected on 3 March had tired of waiting and drifted away.

However, a truck and a jeep still blocked the bridge across the Raagpo river between the two countries. Logs and boulders had been piled across the road at the Sikkim end. Since the West Bengal police would not cross into the kingdom, Yongda and Chhetri climbed out to clear the way. They were busily at work when Poudyal and Subeidi, leading a mob of about 40 young Nepalese, all brandishing lathis and kukris, suddenly materialized and began stoning the guardsmen. Poudyal's arm was slashed in the free-for-all that inevitably followed, the incident provoking Chavan to address the Indian Parliament in sombre tones:

The government of Sikkim and the government of India have been particularly shocked in recent weeks to know of efforts to intimidate, terrorize, threaten and even physically harm political leaders and common people in Sikkim in a bid to disrupt law and order, obstruct the functioning of the government and subvert the democratic process. There have been assassination attempts on the chief minister by the use of explosives, there was the stabbing of an unarmed member of the Sikkim assembly by a member of the Chogyal's entourage in the Chogyal's presence and some other distressing information has come to light only a few days ago of elaborate plans to use violence against elected representatives. contd...

# सुल्झिन नसकेका नेपाल भारत समस्या


डा. शास्त्रदत्त पन्त

सुल्झिन नसकेका नेपाल भारत उद्ययोग-ब्यापार, सीमालगायतका अनेक समस्याहरू रहेका छन् ।

नेपालको आर्थिक उन्नति हुन नसक्नुको मुख्य कारण भूपरिवेष्ठितता हो । भूपरिवेष्ठित राष्ट्रले पाउने पारवहन अधिकार नपाउनु हो । नेपालको प्राकृतिक श्रोत सधन प्राय पकेट अर्थतन्त्रमा आधारित छ, त्यससंग मिल्दो उद्ययोग र व्यापार फष्टाउन तदनुरूपको उत्पादन र विक्रीवितरण गर्ने व्यवस्था चाहिन्छ । त्यो व्यवस्था मिलाउन नसक्नुमा मूलत: नेपालीहरूकै कमजोरी छ । विदेशी शिक्षामा हुर्केका नेपाली प्राज्ञ, कर्मचारी र राजनीतिकर्मी कसैले पनि नेपालको खाँचो नबुझी अलमल्लमा काम गरिरहेका छन् । अलमलले समस्या बढेको छ ।

तिर भारतको नियत ठुलो समस्याको रूपमा छ । भारतमा अझै पनि गोरा मानसिकता छ, छिमेकीलाई सताउने, शोषणगर्ने अतिक्रमण र विस्तार गर्ने र तथा होच्याउने दबाउने भावना छ । साना र गरीव छिमेकीबाट हरतरहले फाइदा मात्र लिन खोज्नुले यो क्षत्र फष्टाउनै नसक्नुको मुख्य कारण हो । नेपालले भूपरिवेष्ठित मुलुकले पाउनुपर्ने पारवहन र व्यापार सुविधा पाउन सकेको छैन, नेपालले लिन सकेको छैन ।

दक्षिण एसियामा जम्बु-काश्मिीर, नेपाल, सिक्किम र भूटानमात्र भूपरिवेष्ठित मुलुक थिए । जबमुकश्मीर र सिक्किम भारतले इण्डियामा मिलाई सक्यो । भूटानले परराष्ट्र र रक्षा व्यवस्था भारतलाई दिइ सक्यो । अव नेपालमात्र सग्लो स्वतन्त्र सार्वभौम राष्ट्र बाँकि भएकोले भारतको रक्षा, गुप्तचर र अन्य सबै निकाएर नेपाललाई हैरान गरेर अधिनस्त गर्ने रणनीतिक योजनामा तल्लिन भएको छ ।

अर्को नेपालको कमजोर पाटो केहो भने नेपालको उद्ययोग र व्यापार दुवै भारतीय र भारतीय मूलका हातमा छ । ती सबै यो वा त्यो कारणले शुद्ध नेपालीत्व भावनाले प्रेरित छैनन् । तिनलाई धन आए पुग्छ । तिनले एक रूपैयाँ कमाउन ९९ रूपैयाँ सत्ताधारीलाई घूश खुवाउँने गर्दछन् । नेपालको राजनीति यी व्यापारीले र ती व्यापारी भारतले चलाएमान गराउँछ ।

नेपाललाई भारतको १३१६ वर्ष लामो मुसलमान र गोराको शासनले पनि दबाउन नसकेको मुलुक हो । त्यसको बलियो कारण याहाँको राज संसथा हो । राजा महेनद्र र राजा वीरेन्द्र वाहेक भारतका कतुत बिरूद्ध डटेर दवाउन सक्ने क्षमता कसैमा पनि देखिएन । त्यसकारण भारतले नेकाँ, नक्सालिष्ट र माओवादीलाई भाडाको सेना बनाएर भारतभूमिबाटै ती राजा विरूद्ध २०१८ देखि २०७२ सम्म निरन्तर लागिपऱ्यो । राजामाथि बम प्रहार गर्नेहरूनै भारतको बुई चढेर दरवारहत्यासम्म आइ पुगेपछि अव भारतको चाहना अनुसारका दललाई सत्तामा राखेर नेपाल गरीव बनाउने रणनीतिमा भारत तल्लिन छ । फुटाऊ र शासनगर नीति सशक्त छ ।

अर्थतन्त्रमा भारतीय हस्तक्षेप

नेपाल र भारतका सरकार प्रमुख, राष्ट्रप्रमुख बिषयबिज्ञहरूको निरन्तर आवत जावत हुन्छ, कुरा हुन्छ तर कहिल्यै काम हुँदैनन् । दु:ख दिने र सताउने आसयले बेलाबखत नाकाबन्दी गर्दछ भारतले । अराउँदा, हप्काउँदा पनि मानेन भने नाकबन्दीको हतियार प्रयोग गर्दछ । २०७२ को नाकबन्दी तेश्रो ठूलो हो । नेपाल-भारत सचिवस्तरीय अन्तर सरकारी समितिको बैठक ६-६ महिनामा नेपाल र भारतमा बस्ने गर्दछ । बैठकहरूले वेलावेलामा व्यापार, पारवहन र आर्थिक सहयोगबारे परिमार्जन गर्दै जाने प्रयास गर्दछ । द्विपक्षीय व्यापार सन्धिलाई व्यापारिक र आर्थिक क्षेत्रमा सुदृढ गर्ने उपाय खोजियो भन्दछ । तर, कहिल्यै नेपालले उपलब्धि हातपार्न सक्तैन । अन्तर-सरकारी सञ्चार सम्पर्कको अभावमा द्विपक्षीय सम्बन्धमा समस्या आउन सक्ने डरले मात्र नेपाल लतारिन्छ ।

वाणिज्य सन्धिअनुसार ६-६ महिनामा नेपाल-भारत अन्तरसरकारी समितिको बैठक बस्छ । उपलब्धि हीन हुने भएबाट त्यो राजस्वको व्यय जस्तो मात्र देखिन्छ, औपचारिकता मात्र देखिन्छ । नेपाल-भारतबीच वाणिज्य तथा पारवहन एवम् रेल्वे सम्झौता कार्यान्वयनका लागि बनेको हो । द्विपक्षीय मामिलामा उत्पन्न समस्या समाधान गर्ने उद्देश्यले यस समितिको बैठक बस्ने गरेको देखिन्छ ।

नेपाल-भारत द्विपक्षीय संयन्त्र सञ्चालन गर्न बेलाबेलामा विभिन्न स्तरमा दुई देशबीच छलफल र भेटघाट हुने गरेको देखिन्छ । यही सिलसिलामा दुवै देशका राष्ट्रपति, प्रधानमन्त्री र सरकारी संयन्त्रका विभिन्न स्तरमा एक-अर्का देशमा भ्रमण तथा छलफल गर्ने प्रचलन रहिआएको देखिन्छ । यस्ता दुवै देशबीच विभिन्न स्तर र विषयमा बैठक पनि बढी नै हुने गरेका छन् ।

भारतसँग भएको निकासी व्यापारको मूल्य र परिमाण सबभन्दा उच्चतम बिन्दुभन्दा तल झर्न नदिन यस्तो अन्तरसरकारी बैठक समय-समयमा बस्नु उपयुक्त नै हुन्छ । नेपाल-भारत व्यापार सन्धि (२००९) अनुसार नेपालबाट भारतमा निकासी गर्न मनाही गरिएका तीन वस्तु र परिमाणात्मक कोटामा भएका चार वस्तुबाहेक अरू सबै नेपाली वस्तु भारतमा निकासी गर्दा सहुलियतपूर्ण व्यवहार भनिए पनि ३० प्रतिशतको सम्मिश्रणले गर्दा नेपालको धेरै वस्तु ( दुई सयभन्दा बढी) मा भारतको अतिरिक्त भन्सार शुल्कको मारले नेपालको निकासी कहिलेकाहीँ त ठप्प नै बन्न जान्छ ।

नेपाल-भारतबीच जे-जस्ता व्यापार सन्धि भए पनि अद्यावधिक प्रावधान सकारात्मक रूपमा देखिएको अवस्थामा पनि भारतले नेपालबाट हुने पैठारीमा कहिले अतिरिक्त शुल्क लगाउने, कहिले समयअनुसार फरक प्रवृत्तिका नेपालको निकासीमा असर गर्ने खालका नपत्याउँदो प्राविधिक एवम् प्रक्रियागत अप्ठेरो सिर्जना गर्ने गरेको देखिन्छ ।

कहिले नेपालको कृषि, पशु, एवम् वन पैदावारसम्बद्ध उत्पादनलाई भारतीय प्रयोगशाला परीक्षणले त कहिले भारतमा आफ्ना केन्द्रीय र राज्य सरकारबीचको समन्वयको अभावले गर्दा पनि समस्या सिर्जना हुने गरेको छ । त्यसैगरी कहिले नेपाली निकासीजन्य वस्तुमा अन्तर्राष्ट्रिय मापदण्डको वास्ता नगरी भारतको एकाधिकारपूर्ण व्यवहारले समस्या खडा गरिरहेको हुन्छ ।

नेपाल-भारतबीचको व्यापार अन्तर्राष्ट्रिय मापदण्डबमोजिम पारवहन र भूपरिवेष्टित देशको सम्बन्धका आधारमा पालना गर्न दुवै देशको कर्तव्यभित्र पर्छ । उपर्यँक्त विचार अनुसरण गर्दा नेपाल-भारतबीचको व्यापारमा अवरोधहरू कायम भएकाले लगानीभन्दा बढी नेपाल-भारत बिचको प्रकृयामा खर्च हुन्छ । व्यापार प्रवाह विशेषत: नेपालको भारतमा निकासी पक्षलाई समेटी द्विपक्षीय व्यापार तथा लगानी विवाद व्यवस्थापन संयन्त्र बनाइएको हो । नेपालको निकासी भारतमा नजाने हो भने भारतीय लगानी नेपालका लागि के अर्थको हुन्छ र ? यस्ता मुद्दा काठमाडौंमा आयोजना हुने नेपाल-भारत अन्तर-सरकारी बैठकमा राखिनुपर्छ । साथै पारवहन मामिला लम्बिन गएमा विश्व व्यापार संगठनको प्रावधान खोतली आवश्यक कारबाही र क्षतिपूर्तितर्फ लाग्नसमेत आवश्यक देखिन्छ । तर भारतको विशाल अर्थतन्त्र भित्र स्पष्ट बाटो नभएको नेपालको व्यापार त्यसै हराउँछ । घाटा बढ्दै गएको छ ।

भारत नेपालको सबभन्दा ठूलो व्यापारिक साझेदार हो । हाल नेपालको दुई-तिहाइभन्दा बढी व्यापार भारतसँगै हुने गर्छ । आर्थिक वर्ष सन् २०१२/१३ मा भारतबाट नेपालमा ३ सय ९८ अर्बको आयात र नेपालको भारतमा निर्यात ५२ अर्बका भएको देखिन्छ । आव सन् २०१५-१६ मा नेपालबाट भारतमा ३९.५ अर्बको निकासी र भारतबाट नेपालमा ४८३.३ अर्बको आयात भएको छ । नेपाल-भारत व्यापारमा नेपालको व्यापार घाटा ४४३.७ अर्ब रहेको छ । ७ वर्षअघि आठ महिनामा भारतसँगको व्यापार घाटा तीन खर्ब ८० अर्ब पुगेको थियो । अहिले त कहालीलाग्दो अवस्था छ ।

निर्यात भने २१ अर्ब ९२ करोड मात्र छ । वार्षिक १३३ हजार प्रतिव्यक्ति घाटा छ । विदेशबाट ल्याइने रेमिटेन्सले त्यो केही घटाउँछ तर सबै विदेशिएकोले देशभर खेतबारी बाँझो छ । यही अवस्था छोपेर सरकारले बाँझो राख्नेलाई ६ लाखसम्म जरिवाना र कैद गर्ने कानून बनाएको छ । विवेक र बुद्धिहीन यस्ता काम गर्नेबाट देश कसरी उभो लाग्छ र ? देश रसातलतिर झर्दोछ ।

साफ्टामा नेपालले पाएको सुविधा नेपाल-भारत व्यापार सन्धिमा समेटिनुपर्ने बताइएको छ । साफ्टाअन्तर्गत नेपालले कृषिजन्य वस्तु आयात गर्दा कर लगाउन पाउने प्रावधान रहेको भए पनि नेपाल-भारत व्यापार सन्धिअन्तर्गत कर लगाउन नपाउने व्यवस्था रहेको छ । यस्ता मुद्दालाई द्विपक्षीय बैठकमा उठाएर समाधान खोज्नु आवश्यक छ । यस्ता कुरा सत्ताधारीलाई पच्दैछ । किनकि सत्ताधारीहरू विदेशीको दलाली गर्छन् ।

# राजा महेन्द्रको जयजयकार





बिष्णु भक्त तन्डुकारको सभापतित्व र चेतनाथ ढुंगानाको प्रमुख आतिथ्यमा जन चेतनामूलक कार्यक्रम माइतीघरमा सम्पन्न गरि टिका भैरबको पूजा र प्रार्थना र दिपावली गरिएको छ । माया पाण्डे, कृष्णप्रसाद प्रसाई, गणेश गिरी, शंकर मघैयाको समूहले धर्मनिरपेक्षता असह्य हुनथालेको बताएका छन् ।

सरोज सिलवालले भने- देश र धर्म बचाउन राजसंस्था र राजाको आबस्यकता छ । टिका भैरब पुजारी मोहनकुमार कर्माचार्यले भैरबको महिमा बताएका थिए । कृष्ण प्र. प्रसाईले लमजुङको डा. हर्क बहादुर गुरूङको शालिकबाट शुरूआत भएको धर्म बचाउने र श्रीपेच पहिऱ्याउने हाम्रो अभियान अघि बढ्दैछ भन्ने विचार राखे । माया पाण्डेले धर्म संस्कृति पहिचान सकिन लागेकोले चिन्ता व्यक्त गरिन् । शंकर मघैयाले टिका भैरव र पाँचकन्या गड्यौली माई गुहार्न आएको बताएका थिए ।

पुस १ गते समितिका अध्यक्ष शोभन शम्शेर जबराले महेन्द्रको सालिकमा फूमाला चढाएपछि महेन्द्र जिन्दावादको नारा लागेको थियो । श्रद्धाञ्जली र स्वागत मन्तव्य राख्दै दिर्घराज प्रसाईले महेन्द्र राजाको कदम प्रजातन्त्र विरोधी थिएन देशको अस्तित्व बचाउने राष्ट्रिय कर्तव्य बोध थियो भनेर बताए । युवराज शमशेर जबरा र महासचिव जीवनलाल श्रेष्ठको अभियानको प्रशंसा पनि गरियो ।

उक्त अवसरमा लक्ष्मी अधिकारी, कपिलमान खड्गी, शंकर मघैया, कृष्ण लामा, माया पाण्डे, इन्दिरा आचार्य, राष्ट्र बचाउ महाअधियानका तर्फबाट वीरेन्द्र सेन, विष्णु सिंह डंगोल, लक्ष्मण खड्का, मनमोहन शम्शेर जबरा, वरिष्ठ पत्रकार पदमभक्त खरेल, मोहन गुरूङ आदिले २०१७ साल पौष १ गतेको शाही कदम समय सापेक्ष र सान्दर्भिक छ भन्ने कुरा ३६ वर्षको कुशासनले प्रष्ट पारेको बताए ।

सप्ताहव्यापी कार्यक्रम अन्तर्गत "निर्जीव वस्तुलाई पनि सचिव राख्न सक्ने" शक्ति संगितमा हुने भएकोले राष्ट्रको लागि गित कार्यक्रम रत्नपार्कमा देशभक्त राजा वीरेन्द्र जयन्तीको दिनमा कार्यक्रम समेत राख्ने भएकोले "राष्ट्रको लागि गित कार्यक्रमका लागि नाम दर्ता गर्न सूचित गरेकोमा राष्ट्रवादी विद्रोही गायक जे.पापी, योगाज राजनले नाम दर्ता गर्नु भएको छ ।

श्री ५ महेन्द्र अमर रहून ! "मऱ्यो त्यो जसले विर्स्यो देशको माटो, बाँच्यो सधैं त्यो जसले सम्झ्यो देशको माटो ।" आदि गुनगुनाइएको थियो ।

यसैवीच संयुक्त राष्ट्र संघमा सदस्यता दिलाएको ऐतिहासिक दिन सचेतना कार्यक्रम गरिएको थियो । संविधान दिएर पहिलो पटक आमनिर्वाचन सम्पन्न गराई जनताको प्रजातन्त्रप्रतिको चाहना पूरा गर्ने राजा महेन्द्रले "म मरे पनि मेरो देश बाँची रहोस्" भन्ने आव्हान र राजा महेन्द्र सम्झदै पुस १ नेपालको अस्तित्वबोध दिवस भन्दै श्रद्धासुमन अर्पण कार्यक्रम भव्यताका साथ सम्पन्न भएको थियो ।

# अन्तरिम सर्वपक्षीय नागरिक सरकार नयाँ बिकल्प

अन्तरिम सर्वपक्षीय नागरिक सरकार नयाँ बिकल्प हुनसक्छ ।

देश विद्यमान राजनीतिक व्यवस्था र अहिलेका प्रमुख नेतृत्वहरूको अक्षमताको कारण झनझन गम्भीर संकट तर्फ जादैं गरेको परिस्थितिमा देशभक्तहरू मिलेर सुधार गर्न नसकिएमा, नेपाल सदाकालागि आफ्नो नियन्त्रणमा रहिरहोस् भन्ने चाहाना राख्ने वैदेशिक शक्तिले नयाँ किसिमको आन्दोलन मार्फत धावा बोल्न सक्छन् !

अत: यस्तो सम्भावित भयावह अवस्थालाई मध्यनजर राख्दै, सुधार गर्नेतर्फ लाग्दै राष्ट्रलाई सक्षम र आत्मनिर्भर बनाउन विद्यमान राजनीतिक समस्यालाई सल्ट्याउन- हरेक कोण तह र तप्काबाट समाधानक्का उपाय निकाल्नै पर्ने देखिएकोले देशभक्त बुद्धिजीवीको अगुवाईमा परिवर्तनकारी पक्षधरहरू सम्मिलित एक मञ्च निर्माण गरेर सिङ्गो सुरक्षा निकायलाई अभिभावक मानेर भद्र जनप्रदर्शन मार्फत अगाडी बढ्न सकेमा अहिलेसम्मका सबै किसिमका आर्थिक, सामाजिक, राजनीतिक लगायत हरेक क्षेत्रमा मौलाएको विकृति विसंगतिबाट मुक्ती पाउन अन्तरिम सरकार **'सर्वपक्षीय नागरिक सरकार'** जनस्थरबाट आएको वैकल्पिक अवधारणा छ ।

वर्तमान नेपालको समिक्षाका साथै निकासको बाटो :-

क. हाम्रो आन्तरिक कलहको कारण आफ्नो अभिष्ट पूरा गर्ने हेतु बाह्य शक्ति विशेषगरि दक्षिण, उत्तर, अमेरिकी र पश्चिमा शक्ति केन्द्रित रहेको,

ख. अहिलेका स्थापित राजनैतिक दलहरू सत्ता स्वार्थमा मात्र लागेकाले राष्ट्रिय स्वाधीनता थप कम्जोर हुँदै गएको,

ग. हालका दल र यहि कर्मचारीतन्त्र अनि यहि संवैधानिक व्यवस्था अन्तर्गतको कानुनले मात्र, नत सुशासन दिन सक्छ, नत भ्रष्टाचार निवारण नै,

घ. तसर्थमा अब नयाँ कोर्समा जानेपर्ने बाध्यात्मक परिस्थिति सृजना भइसकेकोले यावत् समस्याको समाधान खोज गर्दै गर्दा, विकल्पको रूपमा देशभक्तहरूको अगुवाईमा सक्षम व्यक्तित्वहरू सम्मिलित **अन्तरिम सर्वपक्षीय नागरिक सरकार** गठन गर्न सकेमा र विद्यमान चुनौतिलाई चिर्दै अगाडी बढ्न बाटो निर्माण गर्न सकिन्थ्यो ।

ङ. अर्को सबल पक्ष **अन्तरिम सर्वपक्षीय नागरिक सरकार** निर्माण गर्न सकेमा बिग्रीएको अर्थतन्त्रलाई सुधार गर्दै, बिदेशिन बाध्य ८० लाख भन्दा बढी दक्ष र सक्षम जनशक्तिहरूलाई ५ बर्ष भित्रमा मुलुकमै ल्याउन सकिने आधार देखिन्छ ।

च. अन्तरिम सर्वपक्षीय नागरिक सरकार गठन पश्चात् को अवस्थामा देशको पहिलो आवश्यकता पहिचान गरि छिमेक राष्ट्रहरूको सुरक्षा चासोलाई समेत सम्बोधन गर्दै सन्तुलित सुरक्षा कुटनैतिकको प्रयोग गर्दै राष्ट्रिय सुरक्षा, शिक्षा, अर्थ, लगायतका आवश्यक नीतिहरू चुस्त दुरूस्त निर्माण गर्ने आधार तय हुने देखिन्छ ।

छ. देशभक्तहरू सम्मिलित राष्ट्रिय सरकार बनाउन सकिएमा क्रमश: छिमेक लगायत वैदेशिक शक्तिहरूलाई बिश्वासमा लिएर साझा विकासको योजना बनाई कुटनैतिक सम्बन्ध बलियो बनाउने संयन्त्र निर्माण गर्न सकिने थियो ।

ज. स्थापित दल, कार्यकर्ता र सरकारको चरित्र, आचरण अनि व्यबहार हेर्दा स्वतन्त्र जनता वाक्कदिक्क भएको अवस्थामा बिद्रोह उठ्ने देखिन्छ नै ।

समीक्षा :-

क. वर्तमान यस्तो दर्दनाक अवस्थामा झन २०४६ पछिका राष्ट्रिय दलहरूले सरकार चलाईरहँदा तिनका चरीत्र नै शासक स्वेच्छाचारी र नेतृत्व देखि कार्यकर्तासम्म अराजक भएर प्रस्तुत भएको प्रमाणित हुन्छ ।

ख. राज्यपक्ष नै जनताप्रति अनुदार देखिएको स्थितिमा झन देश विरोधी, जनविरोधी प्रमाणित भइसकेका कथित राष्ट्रिय दलहरू, वैदेशिक दलालहरूको चङ्गुलमा फसिसकेकाले माफियातन्त्र र तस्करहरू बलिया भएको अवस्थामा अनि संसदमै अपराधीहरू दल र दलाल मार्फत पुगिसकेको स्थिति छ ।

ग. दलहरू संयुक्त रूपमा मिलेर भ्रष्टाचार गर्ने अनि छुट्टिएर बिरोध गर्ने नजिर छ । जस्को कारण पारदर्शिता खिजिरहेका जनतामा उल्टो थप भ्रम सृजना गर्न सफल भएका छन् ।

घ. यस्तो परिस्थितिमा- झन केही अपरिपक्व, अराजक, देश निर्माणको कुनै खाका नबोकेका अनि राष्ट्र सुरक्षा खातिर अहिलेसम्मकै एकमात्र सक्षम सुरक्षा निकायलाई उल्टो चुनौती दिदैं कम्जोर बनाउन उद्रत झुण्डहरूको सार्वजनिक अभिव्यक्ति मार्फत मनोरो डक्ट्रीनलाई आत्मसात गर्ने त्यस्ताका पक्षपोषकहरू वैकल्पिक राजनीतिक शक्तिको हवाला दिदैं नयाँ नयाँ प्रयोगमा लाग्दा झन अस्थिर सरकार र अस्थिर राजनैतिक अबस्था सृजना भएकोले यस्ता अवान्छित गतिविधिको निराकरण अब राजनैतिक रूपले मात्र गर्न संभव रहेको देखिदैन ।

ङ. अत; मुलुकको वृहत्तर हित र स्थायित्व अनि सुशासन र संमृद्दिका लागि स्थाई र अन्तिम शक्तिले आफ्नो भुमिका निर्बाह गर्नै पर्ने अवस्था आएको देखिन्छ ।

अर्थात, देशमै बसेर केही गरौं भन्ने आम मानिसमा निराशा र वितृष्णा मात्र रहेको परिस्थितिमा जनताले आफ्नो अभिभावक खोजिरहेको परिस्थिति छ ।

यसर्थमा पिडित नागरिकले आफ्नो अभिभावक खोजिरहेको आजको विषम परिस्थितिमा, नेपालको इतिहासले समेत पुष्टि गरिसकेको एकमात्र स्थाई र सक्षम शक्ति सुरक्षा निकायलाई आफ्नो अभिभावक सम्झनु पर्ने देखिन्छ ।

नेपालले आफ्नो स्पष्ट मार्ग पहिल्याई रहँदा भविष्यमा आइपर्नसक्ने अनेकन वाधा अवरोधहरूलाई समेत विवेकपूर्ण तरिकाले आफ्नो नियन्त्रणमा राख्न पनि देशभक्त जनता र सुरक्षा निकाय संयुक्त रूपमा मिलेर नेपालको अस्मिता जोगाउने अभियान संचालन गर्न परिस्थितिको निर्माण गर्दै अगाडी बढ्न ढिला गर्न हुँदैन ।

विभिन्न कायजस्कोब सर्वोच्च आयोग बनाउन सकिने छ ।

आयोग निर्धारित क्षेत्राधिकार तोकेर कार्यदल बनाई राष्ट्राध्यक्ष देखि राज्यका सम्पूर्ण अङ्गहरू, निकायहरू, न्यायलय तथा सरकारी- गैर सरकारी संघ संस्थाहरूको सुपरिवेक्षण, निरीक्षण र निगरानी गरी आवश्यक निर्देशन दिने र आवश्यकताको आधारमा कारवाही समेत गर्न सक्ने साथै सरकारी बाकेकका अन्य निजि संघ संस्था समेतलाई पदमा वहाल रहेका व्यक्तिहरूको हकमा पनि संस्थाको नियमावली र विधि र लक्ष्य अनुरूप कार्यमा सुपरिवेक्षण, निरीक्षण र निगरानी गर्न/गराउन, साथै विधि विपरित देखिएमा कसुर प्रमाणित भएमा बनेको कानुन अनुसार कारबाही गर्नसम्म सक्ने अर्थात- राष्ट्राध्यक्ष देखि प्रधानमन्त्रीसम्म अनि सम्पूर्ण निर्वाचित पदाधिकारीका साथै निजि संघसंस्था र पदाधिकारीसम्म तथा राज्यका सबै निकाय तथा संयन्त्र र त्यहाका कर्मचारी माथी सुपरिवेक्षण, निरीक्षण तथा निर्देशन गर्दाका अवस्थामा समेत अक्षम, गैरजिम्मेवार, अपारदर्शी, नागरिकहरूको विपक्षमा देखिएमा सर्वोच्च आयोगको विषेश वैठक बसेर पदबाट हटाउनेसम्म र दोषिउपर कडा कारबाही गरि सो पदमा अर्को सक्षम व्यक्ति नियुक्तसम्म गर्न सक्ने,

राष्ट्रलाई द्रुतगतिमा विकास गर्न सुरक्षा निकायसँगको समन्वयमा एक विषेश प्राधिकारयुक्त विशेष संयन्त्र निर्माण गर्न !

अहिलेका राम्रा राम्रा काम गरेका निजि निर्माण व्यवसायीलाई सक्षमताको आधारमा "विकास निर्माण प्राधिकरण" का सदस्य चयन गर्ने र भौतिक विकासका लागि विशेष योजना बनाउँदा- राज्यका निकायहरू, विभागहरू र सम्बन्धित विषय बिज्ञहरूसँग समन्वय गरी दीर्घकालीन नीति निर्माण र विकासका लागि योजना तर्जुमा गर्ने !

संविधानमा आवश्यकता अनुसार परिमार्जन गर्न सकिनेछ ।

**सर्वपक्षीय नागरिक सरकार**ले देश र जनतालाई केन्द्रमा राखेर राज्य पुनर्संरचना गर्ने र देशलाई चुनाव मार्फत नयाँ आयाममा लिएर जाने ।

*ब्रह्माण्ड, संयोजक - हाम्रो पार्टी नेपाल*

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८१-८२
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८१ पुस ९, Dec. 24, 2024





अन्तिम पातो - शाश्वत शर्मा

## चटकेहरूबाट सावधान !

अन्ततः सर्वोच्चको आदेशानुसार दुर्गा प्रसाई हाजिरी जमानीमा छुटे । छुट्नासाथ उनका नाममा क्रानितकारी उद्घोषसहितका पोष्टहरू सामाजिक सञ्जालमा देखिए । दुर्गाका समर्थकहरूले काठमाडौं, चितवन, झापातिर प्रदर्शन पनि गरे । उनका समर्थकहरूले आन्दोलनकारीको चोला उतारेर राजनेताको बन्ने दौडमा दुर्गा प्रसाई लागिसकेको प्रचार पनि गरे । दुर्गा प्रसाईले कुनै दल खोले भने पनि आश्चर्य नहुने भएको छ । दुर्गामाथि साइबर क्राइम, भारतीय डन लरेन्स बिस्नोईसँगको साँठगाँठमा अपराधिक धन्दा चलाएको, सम्पत्ति शुद्धिकरणको आरोप पनि छ । मुद्दा अदालतमा बिचाराधिन छ । उनको अस्पतालले लिएको ऋण नतिरेकाले बैंकले लिलामी गर्ने सवाल पनि आउको छ । खासगरी केपी शर्मा ओली सत्तामा रहुन्जेल यी प्रसाईलाई एकपछि अर्को समस्याद गाँज्ने निश्चित छ । जसरी रास्वपाका अध्यक्ष रवि लामिछानेको जुन हविगत पारिएको छ, त्यस्तै प्रकारको हविगत यिनले बेहोर्नुपर्ने देखिन्छ । राज्य नै दुश्मन भएपछि कसको के लाग्छ ? एकथरि भन्छन्- प्रसाईको नियत नै पहिलादेखि सफा थिएन । उनीभित्र नेता हुने, पार्टी खोल्ने हुटहुटी पहिलेदेखि नै थियो । रास्वपा र बालेन साहहरूको क्रेजले उनलाई उक्सायो । राजा, धर्म र गणतन्त्रको खारेजी, सहकारी लघुबित्त, बैंकको ऋण मिनाह, मिटरब्याजी पीडितको समस्या र नेताहरूलेगरेको भ्रष्टाचार अनाचार, दूराचारलाई मुद्दा बनाएर सडकमा आन्दोलित भएपछि त दुर्गा प्रसाई कुनै नेताभन्दा कम देखिएनन् । त्यसैको परिणति हो आजका दुर्गा प्रसाई राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा चर्चित हुनुको कारण । अब प्रसाईले दल खोलेर यी भ्रष्ट नेताहरूलाई तह लगाउने भन्दै चुनावी मैदानमा ओर्लन बेर छैन । रास्वपाले झैं उनी र उनको दलले केही ल्याउला पनि । यसरी नै दुर्गा फैलिन सक्लान् । यिनको एकल प्रयासले व्यवस्था परिवर्तन होला, अवस्था सुध्रिएला, सुशासन आउला भनेर आशावादी हुनु बेकार छ । २०६३ सालको परिवर्तन र ०६५ सालमा गणतन्त्रको कार्यान्वयनपछिका १८ वर्षमा जो जो हिन्दु धर्म र राजतन्त्र पुनर्स्थापनामा आन्दोलित भए, ती सबै पानीका फोका साबित भए । एकता यिनमा कहिले पनि देखिएन । त्यसैले हरेक आन्दोलन असफल भयो । एकदिने साबित हुनपुग्यो । दुर्गाले पूर्वराजालाई मेचीमा उतारेर आन्दोलनको आगो बाल्न सफल भए तर उनको आन्दोलनको अस्थिरताले कुनै नतिजा दिन सकेन । लाभ दुर्गालाई, व्यक्तित्व उठाउनमात्र सफल भयो । तथानाम फोहर गाली गरेर र मर्कामा परेका केहीलाई उनले उद्धार गरेर धेरैको मन जित्न सफल त भए तर आन्दोलनको मर्म हासिल गर्न सकेनन् । हिरासतबाट छुटे पनि प्रसाईले के गर्लान् ? ठूला कुरा गर्ने र क्रान्ति गर्ने भन्लान् । दुर्गा प्रसाईले जनविद्रोहको बिउ रोप्न सक्नेछैनन् । अस्थिर आन्दोलन, एकदिने जुलुस निकाल्लान, त्यत्ति हो ।

गत ०८० मंसिर ७ गते गणतन्त्र ध्वस्त हुनेछ भनेका थिए । ठूलै आन्दोलन पनि भएको हो । यो आन्दोलनको चर्चा कूटनीतिक बृत्तमा भएको पनि हो । तर भोलिपल्टदेखि आन्दोलन कता पुग्यो पुग्यो । ०८१ को मंसिर ७ गते उही रटान रटियो । यसपल्ट मंसिर ७ अघि नै गिरफ्तारी दिए, उनका समर्थक कता पुगे पुगे । प्रसाईको गिरफ्तारीले आन्दोलनको डढेलो लाग्नुपर्ने हो, केही भएन, व्यवस्था फाल्ने परिवर्तन ल्याउने कुराको दोस्रो चरण पूरा भयो । अब हाजिरी जमानीमा छुटेपछि पूर्वराजालाई आह्वान गर्दै यो व्यवस्था फाल्ने तेस्रो बिद्रोहको शंखनाद गरेका छन् ।

विश्वास गरौं, प्रसाई न राजावादी हुन्, न हिन्दुवादी । यी त अवसरवादी देखिएका छन् । मुलुकभर राजतन्त्रको लहर छ । केही समयमा राजधानीमै पूर्वराजाको अभिनन्दन गर्ने भनिएको छ । ओलीमात्र भ्रष्ट हुन् र यिनले देउवा र प्रचण्डको नाम पनि लिदैनन् । आन्दोलन सफल पार्नका लागि राजतन्त्र र हिन्दुवादी जति संघसंस्था, व्यक्ति छन् उनीहरू एकतावद्ध हुन जरूरी छ । अन्यथा भ्रष्टाचारको जगमा जब्बर भइसकेको यो व्यवस्था र यी भ्रष्टहरूलाई किनारा लगाउन सकिने छैन । १८ वर्षसम्म गफ बढी भयो, आन्दोलन र बिद्रोह केही पनि हुनसकेन । यसको मूल कारण नै हिन्दु र राजतन्त्रवादी बिभाजित भएर हो । आमनागरिक राष्ट्रघाती, जनघाती, विश्वासघातीहरूबाट आजित भइसकेका छन् । भ्रष्ट शासक र ठग नेता, जनतालाई भ्रमित पार्नेहरूबाट पीडा बढेको छ । जो सत्तामा, संसदमा छन्, ती सबै चटके हुन् । आन्दोलन गर्ने र बिद्रोहको सुनामी ल्याउने भन्छन्, ती पनि चटके हुन् । जो विवेकी हुनुपर्ने हो, नागरिक प्रतिनिधित्व गरेर अग्रसर हुनुपर्ने हो, ती पनि चटके र मौसमी बनेका छन् । यहीकारणले हो गणतन्त्र फेल भइसक्दा, संविधान असफल भइसक्दा पनि व्यवस्था परिवर्तनको ज्वाला दन्किन नसकेको । नेपालको गणतन्त्र, नेपाली नेता र नेपालको नीति जगहँसाईमात्र हुनपुग्यो । यो त अति भयो, अतिसार भयो ।

## उपभोक्ता हकको रक्षा गरौं

- खरिद बक्री गरिने वस्तुमा उत्पादन मिति तथा उपभोग्य मिति नराख्नु,
- मिति/म्याद समाप्त भएको बस्तु विक्री गर्नु,
- कुनै पनि बस्तुको कृत्रिम अभाव सिर्जना गर्नु,
- अनुचित मुनाफा राखी वस्तु तथा सेवा विक्री गर्नु,
- खाद्य वस्तुमा अखाद्य रंग वा पदार्थको प्रयोग गर्नु,

जस्ता कार्य उपभोक्ता हक विरूद्धका कार्य हुन्, यस्ता कार्य कानून बमोजिम दण्डनीय भएकोले त्यस्ता कार्य नगरौं, नगराऔं ।



नेपाल सरकार
विज्ञापन बोर्ड

# अब बुझ्नैपर्छ सिक्किम कसरी बिलय भयो

१. सिक्किमलाई छ्योग्याल राजवंशले १६४२ मा एकीकरण गरी स्वतन्त्र राष्ट्रको रूपमा आजको सिमाना कायम गराउँदा अहिलेको नेपालमा ८० भन्दा बढी र अहिलेको इण्डियामा ६०० जति स्वतन्त्र देश थिए ।

२. त्यसैले चीनमा तिब्बतको बिलय (सन् १९५१) भन्दा इन्डियामा सिक्किमको बिलय ज्यादै घृणाष्पद किन छ भने ऊ कहिल्यै इन्डियाको हिस्सा थिएन । हाम्रा दुबै छिमेकीको इतिहास साना मुलुक हडप्ने कलंकबाट पोतिएको छ । कति भरोसा, कति सतर्क रहनेमा भविष्य जोडिएको छ ।

३. सन् १९४७ मा इन्डिया बृटिश गुलामीबाट मुक्त भयो । त्यसपछि त सिक्किममा एम्बुलेन्स दिने, स्कुल बनाई दिने र छात्रवृत्ती दिने काम थालिहाल्यो इन्डियाले। अनि त्यहाँका नेताहरू बिस्तारै निवेदन बोकेर भारतीय अधिकारीसँग धाउन थाले ।

४. सैनिक सहायता, चीनबाट असुरक्षा, भुपरिवेष्ठिता, सडक सन्जालको अभाव, कमजोर अर्थतन्त्र देखाएर सन् १९५० मा इन्डियाले सिक्किमको सुरक्षा जिम्मा लियो ।

५. सन् १९४५ मा गठित सिक्किम प्रजा परिषद धराप बनाएर सन् १९६२ मा काजी लेन्डुप दोर्जे (काजीसाब) ले सिक्किम नेसनल काङ्ग्रेस नामक राजनीतिक पार्टी खोले र प्रजातान्त्रिक नारा अघि बढाए । तर, राजा नाम्ग्याल र उनको देशलाई संरक्षित देशको रूपमा बचाएर राख्न आफू सन १९६४ मा नमरून्जेलसम्म नेहरूले मद्दत गरे । नेहरू मर्ने बित्तिकै काजिको पार्टी मार्फत सिक्किममा राजतन्त्र बिरोधी गणतान्त्रिक आन्दोलन शुरू भयो (गराइयो) ।

५. सन् १९६३ देखि सिक्किमका सन्चार माध्यममा देखिने/नदेखिने गरी विदेशी लगानी बढ्न थालिसकेको थियो । विवाद, भ्रम र काण्ड चर्काएर सिक्किम सरकार कमजोर बनाउने र प्रत्यक्ष वा परोक्षरूपमा इन्डियाको वफादारी छर्ने काममा पत्रपत्रिका लागे । त्यस समयका समाचार पढ्दा सिक्किम त भ्रष्टाचारको अखडा, संसारको सबभन्दा गरिब मुलुक, राजतन्त्र गरिबीको मुल कारण, प्रजातन्त्र आवश्यक भएको आदि कुराले रङिएका हुन्थे । चीनले उत्तरबाट सिमाना अतिक्रमण गरेकोले सिक्किमको अस्तित्व खतरामा परेको लेख्थे । राष्ट्र प्रमुखलाई संसारको सबै भन्दा कुरूप शासकको रूपमा चिनाइन्थ्यो ।

६. नेहरू मरेपछी ईन्दिरा गान्धी प्रधानमन्त्री भइन् । अनि इन्डियासँग सिक्किमको 'रोटीबेटी सम्बन्ध' झन् बलियो हुँदै गयो ।

७. सन् १९७० मा काजिसाबले आफ्नो पार्टीलाई इन्डियाको काङ्ग्रेस पार्टीमा गाभे । निर्वाचनमा स्पष्ट बहुमत जिते ।

८. अमेरिकन नेक्सस भएकी बेल्जियम उच्च घरानाकी रानी र रक्सिमा डुब्ने राजा बिरूद्ध छात्रवृत्ती र एम्बुलेन्समा रमाएका अनि ईण्डियासँग रोटीबेटी गाँसिएका नेताले चलाएको आन्दोलनले सन् १९७३ अप्रैलमा राजा मिल्कायो र सिक्किम गणतन्त्रात्मक मुलुक बन्यो ।

८. गणतन्त्रवादी-रोटीबेटीका जाज्वल्यमान नेताहरूले चुनाव जिते । सामुन्ने देखिने गरि मुलपदमा मूलबासी लेण्डुप दोर्जेलाई राखेर सरकार बनाए, संसद बन्यो र त्यही संसद्ले जनमतको नाममा सर्वसम्मत सिक्किमलाई इन्डियामा गाभ्ने निर्णय गऱ्यो ।

९. भर्खरै बृटीश गुलामी सकेर फर्किएको ३० वर्ष नपुग्दै इन्डियाले सन् १९७५ अप्रैल ९ का दिन सिक्किमलाई गुलाम बनायो । यसरी सिक्किम विश्वनक्साबाट बिलायो ।

१०. सिक्किमलाई भारतमा विलय गर्ने निर्णय गर्ने लेण्डुप दोर्जेलाई स्वागत गर्न दिल्ली एयरपोर्टमा ईन्दिरा गान्धी आफैं फूलामाला लिएर बसेकी थिइन् । रातो कार्पेट र सलामी दिईएको थियो ।

११. सिक्किम सुम्पिएपछि इन्डियाले लेण्डुपलाई सन् १९७५ देखि १९७९ सम्म मुख्यमन्त्री बनायो ।

१२. त्यसपछी सिक्किम बस्न नसकेका निःसन्तान लेण्डुप कालिम्पोङ्ग बस्न थाले । सन् २००२ मा पद्मश्रीबाट सम्मानित लेण्डुप सन् २००७ मा १०२ वर्षको उमेरमा पश्चिम बङ्गालको एक साधारण अस्पतालमा मर्दा ४ जना मानिसमात्र साथमा थिए ।

१३. विशाल इन्डियासँग फिस्टे सिक्किमले धेरै भेरैंचो गर्दा र सरोबरी गर्न खोज्दाको परिणाम बुझ्न पनि यो किताब पढ्नै पर्छ ।

१४. नेपालको १० प्रतिशत जनता इन्डिया गए भने ३० लाख जना हुन्छ । इन्डियाको १० प्रतिशत नेपाल पसे भने १४ करोड जना छिर्छन् ।

१५. अहिले पनि इन्डियनले रेमिट्यान्स बढी कमाउने छैटौं मुलुक नेपाल हो । हामी खाडी जान्छौं, त्यही मौका छोपी अलिकती सिमाना काटेर नेपाल पस्छन्, १० खर्ब लिएर जान्छन् , नागरिकता त उपहार पाउने भैहाले ।

१६. जसरी अहिले यहाँका आवाजहरू ठ्याक्कै इन्डियन संचारमाध्यमले चौबिस घण्टा देखाउने कुरासँग मिल्छ, जसरी केही नेपाली सन्चार माध्यमले राष्ट्रिय मुद्दालाई विषयान्तर गरि उनीहरूलाई नै सहयोग पुग्ने गरी गोयबल्याउने गर्छन् , यी परिदृश्य १९६० दशकको सिक्किमको अवस्थासँग ठ्याक्क मिल्छ, सिक्किमका पत्रिकाले पनि १९७५ सम्म त्यही गरे ।

१७. जब देशको कुरा आउँछ, हलुका कुरा नगर्दिनुस्, प्लिज । कुनै राजनीतिक पार्टी वा अमुक नेतासँग उठेको रिसलाई बदला लिने ठाउँ होइन राष्ट्रियता ।

१८. देश किन चाहिन्छ ? सिक्किमले त अब बिर्सियो होला ! हिटलरले ६० लाख यहुदीको नरसंहार गरेपछि देश खोजेको ईजरायललाई देश हुनुको महत्व राम्ररी थाहा छ ।

१९. आज सिक्किमेहरू इन्डियन नागरिकताको लागि निवेदन हाल्छन् ।

- झलेन्द्र भट्टराईको विश्लेषण

# समानुपातिकमा पारिएका यी पिछाडाहरू

एकनाथ ढकाल, डा.आरजु देउवा, विमलेन्द्र निधि, प्रकाशशरण महत, पशुपतिशमशेर जबरा, कमला पन्त, डिल्लीराज पन्त, रघुजी पन्त, नारायण दाहाल, अन्जना शाक्य, वादेव गौतम, बुद्धिमान तामाङ हितराज पाण्डे, चित्रबहादुर केसी चन्द्रा कार्की आदि समानुपातिकमा सांसद छन् । समानुपाति सांसद कसलाई बनाउनु पर्ने हो ? कस्ता कस्ता व्यक्ति समानुपातिकका माध्यमबाट नीति निर्माता बनेर राष्ट्रिय सभामा जानुपर्ने हो ? जुन पवित्र उद्देश्य राखेर समानुपातिको व्यवस्था गरिएको थियो, त्यो उद्देश्य खण्डित गर्ने कार्य ठूला दलहरूले नै गर्नपुगे । राजनीतिक प्रभाव र दबाबी शक्तिले, बाहुबली हिसावले समानुपातिकमा राजनीतिक र व्यक्तिगत स्वार्थपूर्तिका लागि समानुपातिकमा मनोनित गर्ने कार्य भयो । यो व्यवस्था असफल पार्ने मुख्य कारण बन्नपुगेको अनुभूति भएको छ । समानुपातिकमा देखिनैपर्ने सिमान्तकृत बर्गले राष्ट्रियसभा कहिले देख्न पाएनन् ।



पार्टीहरूमा, विवेकी बन्नुपर्ने नागरिक समाज र अधिकारकर्मीमा, राजनीतिमा नीति, सिद्धान्त, विचार त सकियो सकियो अब नैतिकता पनि सकिएको दृष्टान्त देखिन थालेको छ । ०७४ को निर्वाचनमा गल्ती कमजोरी गर्ने ठूला पार्टीहरूले ०७९ को निर्वाचनपछि सुधारिएलान् भन्ने आशा गर्नेहरू निराश बन्नपुगेका छन् । कारण यसपल्ट पनि राष्ट्रिय पार्टीहरूले संविधानले निर्दिष्ट गरेको समानुपातिकको व्यवस्थाको घोर दुरूपयोग गरेका छन् । लज्जा पनि लज्जित हुनपुगेको छ ।

वर्तमान संविधानले चुनाव नलड्ने तर विद्वतबर्ग, सीमान्तकृत, अशक्त र पिछडिएका बर्ग समुदायजनप्रति समर्पित समानुपातिक सिटको व्यवस्था गरेको छ । तर ती सिटमा सम्भ्रान्तहरूले यसरी कब्जा गरिदिए कि राजनीतिमा नैतिकता भन्ने केही बाँकी रहेन । विश्लेषकहरू भन्छन्- राजनीतिको अपराधिकरण र अपराधको राजनीतिकरण भनेको यही हो । यस्तो राजनीतिले सुशासन, विधिको शासन होइन, अपराधलाई प्रश्रय दिने निश्चित छ ।

पिछडिएका बर्ग, समुदायका लागि संविधानले गरेको व्यवस्थाअनुसारको सुविधासमेत लज्जाहीन भएर हडप्ने यी उच्च जातीय, बर्गीय, धनाध्ये, वर्चश्वशाली, प्रभावशाली व्यक्तिहरूले कसरी मुख देखाउन सकेका होलान् ? पार्टी नेतृत्वले आफ्नो बीचबचाउका लागि पिछडिएका बर्गको सिटमा यी कथित आफन्तलाई मनोनयन गरे कसैले पनि अस्वीकार गरेनन् । अझ उल्टै यो सिट पाउनाका लागि करोड करोड खर्चेर किनबेच भएको कुरूप चर्चासमेत बाक्लै सुनियो ।

हुकुमबासी सुकुमवासी बनेर सरकारी जग्गा कब्जागरेजस्तै यी सम्भ्रान्तले पिछडिएकाको नाममा शक्ति हत्याउनुले लोकतन्त्र मजाक बन्नपुग्यो ।

